
# महक

## टुक्का कवितासङ्ग्रह



स्यामराज राई

# महक

टुक्का कवितासङ्ग्रह

(वि.सं. २०८०/सन् २०२३)

म्यामराज राई

# **महक** टुक्का कवितासङ्ग्रह

## म्यामराज राई


**प्रकाशक** – अञ्जना छिलिङ् राई

**संस्करण** – साउन, २०८०



**© सर्वाधिकार** – कृतिकारमा



**आवरण** – दिलिप राई

**कम्प्युटर** – सुवास मगर

**प्रकाशित प्रति** – ५०० (पाँच सय)

**मूल्य** – रू.३००/– (रूपैयाँ तीन सय मात्र)

**छापाखाना** – ग्लोबल प्रिन्ट कनेक्सन, काठमाडौँ

फोन नं.: ०१–४२२७२५१

**ISBN** - 9789937-1-4373-8

**वितरक** – टुक्का साहित्य समाज, काठमाडौँ



*यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रशारण गर्न पाइने छैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐन अन्तर्गत कारबाही गरिनेछ ।*

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

# शुभकामना

विश्व साहित्यमा जस्तै नेपाली साहित्यमा पनि विभिन्न खाले प्रयोग हुने गरेका छन् । यस्ता प्रयोगले साहित्यमा नयाँ नयाँ विधा र उपविधाको जन्म हुने गरेको छ । कविताको उपविधाका रूपमा विकसित हुँदै गएको टुक्का कविताको जन्म यसै गरी भएको हो । छोटा रचनाप्रति पाठकको आकर्षण बढ्दै गएको कुरालाई दृष्टिगत गर्दै चार वर्ष अघिदेखि टुक्का कविता लेखनको थालनी भएको पाइन्छ । अक्षर सङ्ख्या बराबर भएका र अनुप्रासहितका दुई हरफे टुक्का कविता आकारमा छोटा हुने भएकाले लेखक र पाठकको आकर्षण बढ्दै गएको बुझ्न सकिन्छ ।

यसै क्रममा स्रष्टा स्यामराज राईले 'महक' शीर्षकको टुक्का कविता सङ्ग्रह प्रकाशन गर्न लाग्नुभएको थाहा पाउँदा मलाई खुसी लागेको छ । भोजपुर घर भई रोजगारीका सिलसिलामा हाल जापानमा रहँदै आउनुभएका राई सामाजिक सञ्जालका माध्यमबाट जोडिएर टुक्का कविता लेखन अभियानमा लाग्नुभएको रहेछ । परदेशमा रोजगारी गर्दा बचत भएको समयमा साहित्य रचना गरी पुस्तकका रूपमा प्रकाशन गर्ने अठोट आफैमा महत्त्वपूर्ण कुरा हो ।

बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगसँगै टुक्का कविताका विशेषतालाई स्रष्टाले राम्रै गरी अवलम्बन गर्नुभएको रहेछ । पहिलो हरफमा विषयको उठान र विस्तार गरी दोस्रो हरफले समर्थन गर्दै उत्कर्षमा पुऱ्याउने कुरालाई स्रष्टाले ध्यान पुऱ्याउनुभएको मैले पाएँ । उपयुक्त शब्द छनोट र शब्दसंयोजनले 'महक'मा सङ्गृहीत स्वच्छन्द र छन्दयुक्त टुक्का कविता सुन्दर बनेका छन् । नेपाली भाषाका अतिरिक्त बान्तवा र जापानी भाषाका कवितालाई समेत सम्मिश्रण गरी उहाँले मातृभाषा र कर्मभूमिको भाषाप्रति देखाउनुभएको स्नेह प्रशंसनीय छ ।

विभिन्न कारणले नेपालबाहिर रहेका नेपालीहरूले नेपाली भाषा, साहित्य र संस्कृतिको विकास र प्रवर्धनमा योगदान पुऱ्याउँदै आएको पाइन्छ । प्रस्तुत कृतिमा सङ्गृहीत टुक्का कवितामा पनि राष्ट्रप्रेमको भावना अभिव्यक्त भएको पाइन्छ । यस अवसरमा म कृतिकार राईको प्रशंसा गर्दै प्रस्तुत कृतिको उच्च सफलताको कामना गर्दछु । आगामी दिनमा पनि नयाँ नयाँ विधामा कलम चलाउन स्रष्टालाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

भूपाल राई
कुलपति
२०८० साउन २

# महकमा प्रवर्तकको रसास्वादन

मनमा उब्जिएका भावहरूलाई पोख्न मुख्य माध्यम साहित्य सिर्जना हो । प्रविधिको विकाससँगै अहिलेको व्यस्त जीवनशैलीमा मानिसले समय कसरी सदुपयोग गर्न सकिन्छ भनेर पलपलमा भौँतारिरहेका छन् । त्यसै अनुरूप विश्व साहित्यमा पनि लामा लामा विधाहरूभन्दा छोटा, लघु र लघुत्तम विधाहरूमा सर्जक तथा पाठकहरू आकर्षित भएको पाइन्छ ।

७० को दशकमा महाभूकम्प, कोभिड जस्ता त्रासहरूबिच नेपाली भाषा साहित्य अन्तर्गत थुप्रै काव्यिक उपविधाहरूको खोज, अनुसन्धान र प्रवर्तनहरू भएका छन् । घोषणा भएका उपविधाहरू मध्ये केही आवश्यक खोज, अनुसन्धान र परिमार्जन हुन नसकेर छोटो अवधिमा नै निष्क्रिय हुने अवस्थामा पुगेका छन् भने केही लोकप्रिय हुँदै स्थापित हुन सफल भएका छन् ।

यस्तै लोकप्रिय हुन सफल उपविधा मध्ये २०७७ साउन २५ गतेबाट लेखन प्रारम्भ भएको टुक्का कविता पनि एक हो । लेखन प्रारम्भ भएको चार वर्षमा २७ हजार भन्दा बढी टुक्का सर्जक तथा पाठकहरू टुक्का कविता लेखन अभियानमा जोडिनु यसको लोकप्रियताको उदाहरण हो ।

टुक्का कविता लेखन अभियानमा सुरुवाती समयदेखि नै सक्रिय टुक्का अभियन्ता टुक्काकार स्यामराज राई प्रथम ऐतिहासिक बृहत् टुक्का प्रतियोगिता - २०८० "टुक्कासँग म" मा प्रथम स्थान हासिल गर्नु भएको थियो । टुक्का कविता लेखन अभियानका अब्बल टुक्काकार राईको महक पुस्तक प्रकाशन हुन लागेकोमा हर्षविभोर भएको छु ।

प्रस्तुत 'महक' टुक्का कवितासङ्ग्रहमा स्यामराज राईले सिर्जना गर्नु भएको टुक्का कवितालाई नियाल्दा टुक्काकारले सबै टुक्का कविता दुई हरफमा अक्षर सङ्ख्या बराबर गरेर तुक् अर्थात अनुप्रास मिलाएर अर्थ पूर्ण हुने गरी लेखेको पाइन्छ । साथै टुक्का कविताको संरचनात्मक आधारभूत सिद्धान्तको परिपालना

गरेको पाइन्छ । टुक्काकारले थोरै शब्दमा भाव प्रस्तुत गर्नको लागि शब्द छनौट तथा शब्द संयोजन गर्दै उत्कृष्ट टुक्का कविता तयार पारेका छन् । जस्तै :-

*सम्बन्धमा तगारो,*
*चलेपछि उधारो ।*

*मन्दिरको सम्पत्ति बढ्छ,*
*जब ढुङ्गोमा प्राण चढ्छ ।*

सङ्गृहित टुक्का कविताहरूमा बिम्ब, प्रतीक, अलङ्कार आदिको उचित प्रयोग गर्दै आफैँमा अर्थपूर्ण हुने गरी टुक्का कविता सिर्जना गरिएका छन् । टुक्का कविताको नियम अनुसार पहिलो हरफमा विषयको उठान, बिस्तार र दोस्रो हरफमा समर्थनसँगै उत्कर्षमा पुगेर समापन गरिएका छन् । टुक्काकारले गहिरो भाव बोकेका वजनदार, चोटिला टुक्का कविताहरू सिर्जना गरेका छन् ।

*सुन्दरता उस्तै लाग्छ तिमी र फूलमा,*
*बगैँचामा फूलको शोभा तिमी कुलमा ।*

*प्रकृतिको पुजारी भई सबै जान्छन् चण्डीथान,*
*भाकल पूरा गरी पाएको ठान्छन् जीवनदान ।*

टुक्काकार राईको यो सङ्ग्रह मातृप्रेम, राष्ट्रप्रेम, विभिन्न विकृति, विसङ्गति, भ्रष्टाचार लगायत समसामयिक विषयवस्तुलाई समेटेर तयार पारिएको छ । नाम जस्तै महक छर्न सफल भएको छ । साहित्यको प्रयोगवादी काव्यिक उपविधा टुक्का कविताको महत्त्वपूर्ण ऐतिहासिक हिस्सा बन्न सफल भएको छ ।

*यति दह्रो हुन्छ आमाको  काख,*
*जति बलियो मान्छौ त्यो अग्राख ।*

*राज्यकोष दोहन गर्ने भ्रष्टाचारीहरूलाई,*
*फाँसी देऊ ! दिनदहाडै बलात्कारीहरूलाई ।*

*शान्ति फूल फुलाउने बुद्ध नै हुन् संसारमा,*
*गर्व लाग्छ नेपाली हूँ ज्ञानभूमि भण्डारमा ।*

अन्तमा, टुक्काकार म्यामराज राईको साहित्यिक यात्राले अझ धेरै प्रगतिको शिखर चढ्दै जाओस् भन्दै उहाँको उज्ज्वल भविष्यको कामना गर्दछु ।

**ताराप्रसाद चापागाईँ**
टुक्का कविता प्रवर्तक/अध्यक्ष
टुक्का साहित्य समाज
इमेलः tara172190@gmail.com
धुनिबेसी न.पा.-९, धादिङ,
हालः सितापाइला, काठमाडौं ।

# मेरो गन्थन

साठीको दशकबाट साहित्यलाई माया गरिरहें । फलस्वरूप गजल, लघुकथा, कविता, मुक्तक, हाइकु आदि विधाहरूमा कलम चलाउदै आएँ । हाल आएर ती अलावा नव उपविधाको रूपमा उदीयमान टुक्का कवितामा समेत लागेको छु । सत्तरीको दशक सुरु भएसँगै परदेशको बसाइमा काम र थकानबिच बचेको मेरो समयलाई साहित्यिक अध्ययनसँगै लेखनमा खर्चिरहेको छु ।

वि.सं. २०७७/१०/११ गते आइतबारको बिहान थियो । सामाजिक सञ्जाल मुहार पुस्तिकाको सूचनामा केही दिन अगाडि मात्र साथी बनेको टुक्का काव्य मुहार पुस्तिका नामको साथीबाट टुक्का कविता भित्तोमा जोडिन निमन्त्रणा आयो । तुरुन्त स्वीकार गरें अर्थात त्यही दिन टुक्का कविता भित्तोको १३५ औं सदस्यको रूपमा सदस्यता ग्रहण गरें ।

भित्तोमा सरसर्ती नियालें । एउटा टुक्का कविता बन्न आवश्यक नियमहरू अक्षरशः पढें । जुनसुकै विषयमा पनि लेख्न सकिने ठम्याएँ । त्यो बेलामा भित्तोका व्यवस्थापकबाट अनुमोदन प्रणाली थिएन । सृजना भनेपछि हुरुक्कै हुने म, पहिलो प्रयास गर्न कलम अगाडि बढाएँ । एउटा टुक्का कविता उन्नाइस अक्षरीको बन्यो । प्रेषण गरें । जुन यस्तो थियो ।

*कहिले सपनीमा त कहिले विपनीमा सताउँछौ,*

*जहाँ जहिले सताए पनि अघाउञ्जेल मत्त्याउँछौ ।*

व्यवस्थापकहरूबाट प्राप्त प्रतिक्रियाले मलाई निरन्तरता दिनमा उर्जा मिल्यो । कम्तिमा एकदिनमा एउटा टुक्का कविता लेख्ने निर्णय गरें । लेखें । मुहार पुस्तिकामा टुक्का काव्य (तत्कालीन व्यवस्थापकहरू मध्ये एक)सँग साथी बनेकोले मेसेन्जरमार्फत अक्षर सङ्ख्या, भाव तथा भाषिक शुद्धतामा केही दोष देखिएमा सच्याउन सल्लाह पाएँ । सच्याएर पुनः प्रेषण गर्थें ।

मेरो स्मरणमा भए अनुसार टुक्का कविता भित्तोमा सदस्य सङ्ख्या २०० जनाभन्दा माथि पुगेपश्चात व्यवस्थापकद्वारा अनुमोदन गर्ने नियम बन्यो । नियम सङ्गत मिलेका टुक्का कविताहरू मात्र पढ्न पाइने भइयो भनेर खुसी लाग्यो । त्यो नियम बनाएकोमा तुरुन्त टुक्का काव्यलाई मेसेन्जरमार्फत धन्यवाद दिएको थिएँ । दैनिक काममा आउजाउ गर्न दुई घण्टाको रेलयात्रा थियो । त्यही यात्राको समयलाई टुक्का कविता साहित्यमा समर्पण गरेँ । अरूका सृजना पढ्नु मेरो दैनिकी बन्यो । प्रत्येक दिन नयाँ नयाँ स्वादका सृजनाहरू हेर्न जुर्‍यो । काव्य विधामा उपविधाको पगरी गुथ्न चाहने साहित्यिक भ्रुणहरू थुप्रै जन्मिए । जन्माइए । तर निरन्तर साधना या खोज र अनुसन्धानको अभावमा बिच बाटोमा नै अलमलिए । जन्मिन नपाई हराउने अवस्थामा पुगे । औँलामा गन्न सकिने जति मात्र एउटा रफ्तारमा छन् । तिनैमध्ये आफ्नो लय  समातेर अस्तित्व बचाउन सफल उपविधा हो टुक्का कविता । एक शुभचिन्तकको नाताले पर, कुना कुनासम्म टुक्का कविताको महक फैलाउन चाहन्छु । कृति मार्फत महकदार सौन्दर्य बाँड्ने रहर छ । महकिलो वातावरण बनाउनु छ । साहस बोकेको छु ।

अन्त्यमा, अङ्कुरिएको मेरो सपना साकार पार्न सङ्ग्रह प्रकाशनको जिम्मा लिने अञ्जना छिलिङ् राईप्रति हार्दिक आभार व्यक्त गर्दछु । कम्प्युटर तथा पेज सेटिङ गरिदिने सुवास मगर, आवरण चित्र कोरिदिने दिलिप राई तथा वितरणको जिम्मा लिने टुक्का साहित्य समाज, काठमाडौँलाई धन्यवाद दिन चाहन्छु । अब यो सङ्ग्रह तपाईको हातमा सुम्पेको छु । तपाईको प्रतिक्रियाको अपेक्षा गर्दछु ।

म्यामराज राई
myamraj2015@gmail.com

# विषयसूची


| क्र.सं. | अक्षर | टुक्का कविता सङ्ख्या | पृष्ठ |
|---|---|---|---|
| **क.** | **स्वछन्द** | **१ - ९६८** | **१-९७** |
| १. | पाँच | १ - १६ | १-२ |
| २. | छ | १७ - ४१ | २-५ |
| ३. | सात | ४२ - ६९ | ५-७ |
| ४. | आठ | ७० - १०४ | ७-११ |
| ५. | नौ | १०५ - १८० | ११-१८ |
| ६. | दस | १८१ - २२१ | १९-२३ |
| ७. | एघार | २२२ - २६६ | २३-२७ |
| ८. | बाह्र | २६७ - ३२० | २७-३२ |
| ९. | तेह | ३२१ - ३७६ | ३३-३८ |
| १०. | चौध | ३७७ - ४५१ | ३८-४६ |
| ११. | पन्ध्र | ४५२ - ५३९ | ४६-५४ |
| १२. | सोह्र | ५४० - ६३९ | ५४-६४ |
| १३. | सत्र | ६४० - ७३१ | ६४-७४ |
| १४. | अठार | ७३२ - ८१७ | ७४-८२ |
| १५. | उन्नाइस | ८१८ - ८७७ | ८२-८८ |
| १६. | बिस | ८७८ - ९०३ | ८८-९१ |
| १७. | एक्काइस | ९०४ - ९२८ | ९१-९३ |
| १८. | बाइस | ९२९ - ९४१ | ९३-९५ |
| १९. | तेइस | ९४२ - ९४६ | ९५ |
| २०. | चौबिस | ९४७ - ९५३ | ९५-९६ |
| २१. | पच्चिस | ९५४ - ९६१ | ९६-९७ |
| २२. | छब्बिस | ९६२ - ९६३ | ९७ |
| २३. | सत्ताइस | ९६४ - ९६८ | ९७ |

| क्र.सं. | छन्द | पृष्ठ |
|---|---|---|
| **ख.** | **छन्द ९६९ - ११०७** | **९८-११३** |
| १. | वसन्ततिलका | ९८ |
| २. | भुजङ्गप्रयात | ९८ |
| ३. | शालिनी | ९९ |
| ४. | रूपामाली | १०० |

| | | |
|---|---|---|
| ५. | महालक्ष्मी | १०१ |
| ६. | तोटक | १०१ |
| ७. | युगल बालौरी | १०१ |
| ८. | बालौरी | १०२ |
| ९. | सवाई | १०३ |
| १०. | मारुनी | १०६ |
| ११. | झ्याउरे | १०७ |
| १२. | सेलो | १०९ |
| १३. | सङ्गिनी | ११२ |
| १४. | भदौरे | ११३ |
| **ग.** | **अन्य भाषाहरू ११०८ - ११११** | **११४-११५** |
| १. | बान्तावा | ११४ |
| २. | जापानी | ११५ |

# क. स्वच्छन्द

१

धोती न टोपी,
खोजीमा खोपी ।

२

शुभ सपना,
मनोकामना ।

३

लिङ्ग विभेद,
भर्त्सना, खेद ।

४

नव पालुवा,
बोटबिरुवा ।

५

नाच्ने मयूर,
सुन्दर सुर ।

६

अचाक्ली जाडो,
कन्सिरी ठाडो ।

७

ताल बेताल,
ढर्रा अकाल ।

८

फूलको माली,
निजी हो ताली ।

९

हाँगो झुकेर,
सृष्टि लुकेर ।

१०

विवाह लग्न,
ऊ सोच मग्न ।

११
राम्रो निर्णय,
गर निर्भय ।
१२
जीवन ज्योति
रङ्गीन मोती ।
१३
गर्दा रहर,
खेपे कहर ।
१४
मिठो जवानी,
प्रेम कहानी ।
१५
दिक्दारीपन,
दुखित मन ।
१६
बेस्मारी हावा,
भत्कियो खावा ।
१७
गर्छन् होडबाजी,
रच्न जालसाजी ।
१८
धारा-उपधारा,
लाहा ठोके सारा ।
१९
हृदय खोली,
पत्थर बोली ।
२०
देख्नेले जे लेखे,
लेख्नेले के देखे ?

२१

गहना, लहना,

बनोस् आफ्नोपना ।

२२

त्यो प्रतियोगिता,

रोचक रमिता ।

२३

चिसो बन्यो कानो,

रुई भए न्यानो ।

२४

प्रेमालाप सुन्ने,

सम्झना सामुन्ने ।

२५

मन मिल्ने रागी,

मगनी होस् भागी ।

२६

पौष्टिक आहार,

स्वस्थ हुने सार ।

२७

माघमा लगन,

शान्त भो यो मन ।

२८

चाँदनीमा घेरो,

मेरो सेरोफेरो ।

२९

रेशमी कपाल,

फिँजाएछौ जाल ।

३०

वाह ! जिउडाल,

आकाश पाताल ।

३१

फूल राम्रो जाई,

शब्द प्यारो माई ।

३२

नसोचेर टाढा,

बनाउला गाढा ।

३३

पिरतीको खेल,

नाता बिग्रे जेल ।

३४

फूलमा भमरा,

छटा चुम्ने बरा ।

३५

फलबिना काम,

स्वार्थपूर्ण नाम ।

३६

बुनेको सपना,

पूरा होस् कामना ।

३७

मेरोभन्दा हाम्रो,

सुनिन्छ नि राम्रो ।

३८

बैगुनी रबाफ,

फूलले जबाफ ।

३९

खुसी हुन नाच,

औँला गन्दै भाँच ।

४०

सद्भाव कायम,

हेर्दा मनोरम ।

४१

गलत नियति,

भोग्दा भयो अति ।

४२

शुद्ध मनोकामना

पूरा गर्ने चाहना ।

४३

अपरिपक्व खेल,

कुर्सीमा जालझेल ।

४४

वृद्ध थाले कखरा,

के भनौँ र विचरा !

४५

कर्म गर्ने भोकाए,

मौका ढुक्ने मोटाए ।

४६

उमेर एक पिँढी,

मानेर चढौँ सिँढी ।

४७

फनफनी घुमेर,

मृगतृष्णा भएर ।

४८

गरेर लेनदेन,

चल्दैछ जेनतेन ।

४९

कुरेर वा ढुकेर,

लान्छु शिर झुकेर ।

५०

पापी यो कोरोनाले,

दुःख पाए साराले ।

५१

वरदान मागेर,
आएँ देवी भाकेर ।

५२

किन गर्छौ दोमन ?
दिन्छु नि आफ्नोपन ।

५३

छिनिएको कम्मर,
नाप्दा कति नम्बर ?

५४

आफ्नोपनमा छुरा,
खै ? विश्वासिलो कुरा ।

५५

रोपेको छ श्रीवल्ली,
पुग्ने ठाउ उपल्ली ।

५६

कति छ यात्रैयात्रा ?
अपराजित मात्रा ।

५७

माया एउटा कुरो,
प्रेम होला अधुरो ।

५८

जब काम वासना,
क्षणिक आफ्नोपना ।

५९

मित्रताको के अर्थ ?
स्वार्थपूर्ती झन् व्यर्थ ।

६०

वरपिपल जस्तै,
रहोस् सम्बन्ध त्यस्तै ।

६१

बोल्न सुरु गरेर,
काम बिग्र्यो झरेर ।

६२

परिवर्तनकारी,
बाँझै छ घरबारी ।

६३

जति हो मेरो भाउ,
कति हो तिम्रो दाउ ?

६४

यस्तो मिठो सपना,
गरिरहूँ कामना ।

६५

सहरको रहर,
बेचे बाले बहर ।

६६

मान्छे राम्रो सोचले,
गल्छी राम्रो खोचले ।

६७

इतिहास हेर्नेले,
बोली फेर्छ फेर्नेले ।

६८

सम्बन्धमा तगारो,
चलेपछि उधारो ।

६९

नक्कली या सक्कली,
कि अपूरो अक्कली ?

७०

मलाई म बन्न देऊ
साथ देऊ बसी छेउ ।

७१

काम गर्न अल्छी गर्छन्

जस थाप्न लागिपर्छन् ।

७२

मनको आशा सकिन्छ,

तब गिलास रित्तिन्छ ।

७३

सानो ठुलो हुन्न काम,

इतिश्री राम्रो तमाम ।

७४

याद आउँछ यसरी,

बतास चल्छ जसरी ।

७५

किन गर्नु व्यवसाय ?

ठालु बने पुग्छ प्राय ।

७६

कति छन् फाटेका खल्ती ?

जति छन् ढाँटेका गल्ती ।

७७

प्रिय, त्यो बन्दकोठामा !

राख्छ दिलको चोटामा ।

७८

उस्तै परे हारिदिन्छु,

तिम्रो लागि स्वर्ग किन्छु ।

७९

गलत आयौ जसरी,

फर्के राम्रो उसै गरी ।

८०

इन्द्रदेवीको काखमा,

ममता प्यारो साथमा ।

८१

याद आउँछ उनैको,

चाँदीभन्दा त सुनैको ।

८२

लगाउने कालो कोट,

सहँदा रहेछन् चोट !

८३

मूल्यवान् मिडियाबाजी,

ताली पर्र बोल्दा काजी ।

८४

माइती साक्षी राखेर,

ल्याउँछु रित सोधेर ।

८५

बन्ने छाँट मायाजाल,

सौन्दर्य तिम्रो वाचाल ।

८६

राज्यहरू बटुलेको,

स्वार्थरहित आर्जेको ।

८७

बतासमा छ चञ्चल,

याद आउँछ त्यो पल ।

८८

गन्तव्यहीन नलम्क,

महत्त्वहीन नबम्क ।

८९

गाउबेँसी मेलापात,

त्यसै गयो दिनरात ।

९०

मुटु काँप्ने माघे ठिही,

सम्झनामा हाम्रो डिही ।

९१

जसरी गए भटारो,
त्यसरी छैन हतारो ।

९२

अवस्था हेर्दा मार्मिक,
विचार निकै धार्मिक ।

९३

महत्त्वपूर्ण एकता,
जस्तो अजम्बरी लता ।

९४

सही काम जयकार,
ताली बज्छ बारम्बार ।

९५

उसैगरी ताली पाएँ,
जसैगरी गीत गाएँ ।

९६

बोली साह्रै सुकोमल,
सुनिरहूँ पल - पल ।

९७

बिनासित्तिमै थुरिए,
हल्लाभरमा धुरिए ।

९८

पार्टीभन्दा छानौं मान्छे,
रूप हेर्दा हुन्न भान्छे ।

९९

अपवित्र बन्यो बाटो,
मातृभूमिको यो माटो ।

१००

म त आफ्नो आफैं गर्ने,
भर्ने भरे म नभर्ने ।

१०१

देख्दा, हेर्दा चालढाल,
खेर जाला राम्रो माल ।

१०२

गजब कुरा सुनेर,
गुनैँ सपना बुनेर ।

१०३

जनता विश्वास गर्ने,
नेताले ढुकुटी भर्ने ।

१०४

अपवित्र बन्यो बाटो,
मातृभूमिको यो माटो ।

१०५

एउटै चुल्हो उस्तै खान्की,
किन बोली फरक बान्की ?

१०६

उस्तै परेमा दिन्छन् ज्यान,
एकलौटीझैँ पार्छन् ध्यान ।

१०७

चालचलनमा बेथिति,
बहिष्कार गरौँ कुरीति ।

१०८

इतिहासकै कालो दिन,
अक्षम्यमा पक्का विलीन ।

१०९

थाहा छैन दुब्ली या मोटी,
मिलाएछन् दाउमा गोटी ।

११०

कोरोना भागोस् छिटो-छिटो,
दुनियाँ रुहायो नमिठो ।

१११
मदानीमा मथिन्छ नेती,
श्रम गरे उब्जिन्छ खेती ।
११२
दरिद्र चरित्र देखायो,
तिमी पायौ देशले पायो ?
११३
जल, जमिन र जङ्गल,
मानवजातिको मङ्गल ।
११४
फूलभन्दा पुतली धेरै,
भँवरो डुल्यो रस नेरै ।
११५
पैसा छ या छैन गोजीमा,
छैन र नै हिँडे खोजीमा ।
११६
जहाँ तिम्रो प्रतिष्ठा छैन,
नबोल्दा फरक पर्दैन ।
११७
मूल्याङ्कन गरे जसको,
साथ सहयोग कसको ?
११८
गरूँ तिम्रो यति बयान,
यो लोकमा बनोस् आहान ।
११९
आँसु झर्छ र ! यति सस्तो,
भदौरे झरी, भेल जस्तो ।
१२०
तरकारी काट्नु मिल्दैन,
कलमले बोक्रा छिल्दैन ।

१२१
हृदयबाट त्यागे पाप,
मिल्दै आउँछ फलिफाप ।
१२२
जङ्गलभरि उड्ने जात,
स्वतन्त्र छोडौं यो जमात ।
१२३
महत्त्वपूर्ण कुरा पढून्,
नाम,वतन सही भेटून् ।
१२४
हत्या, हिंसा र बलात्कार,
विरोध गरौं लगातार ।
१२५
एक अर्कामा माया गर्छन्,
कुम्लो बोकी बसाइँ सर्छन् ।
१२६
आज मिठो सपना देखेँ,
सपनामा नि टुक्का लेखेँ ।
१२७
कर्मानुसार भोग्नु पर्छ,
नचाहँदा टारेर टर्छ ?
१२८
शुद्ध मन असल कर्म,
यही मानवताको धर्म ।
१२९
म त देख्छु सुन्दर यात्रा,
तिमी भन्छ्यौ एउटा जात्रा ।
१३०
चिसो वायुले ज्यान खायो,
चिसो मन धरमरायो ।

१३१
कुरो मात्र त ठुलो हैन,
नबोली गर्ने कोही छैन ।
१३२
टिप्पन हेराउछु चिना,
अपूरो प्राण तिमीविना ।
१३३
बुझिनँ गरेको बहाना,
चालबाजी कता निसाना ?
१३४
बलियो अवश्य एकता,
हार्ने चिन्दैन सुन्दरता ।
१३५
आफ्नो हात छ जगन्नाथ,
राम्रो नसिब स्वयं साथ ।
१३६
बादल फाटे पर्छ पानी,
एकैनास हुन्न जवानी ।
१३७
नियालेर हेर्दा नियत,
पक्का केही छ कैफियत ।
१३८
मूलबाटोमा दुई भेट्यौँ,
पछाडिको पाइला मेट्यौँ ।
१३९
कोलबाट निस्केको तेल,
सङ्घर्षरत बाँचुन्जेल ।
१४०
तिम्रो मुस्कान घरी घरी,
घुमिरहन्छ वरिपरि ।

१४१
मोहनी दन्त छ लहर,
आफ्नो बनाउने रहर ।
१४२
लोभ लाग्दो मृगनयन,
पाए हुन्थ्यो निजी चयन ।
१४३
महत्त्वपूर्ण उत्तिखेर,
जब बेला हुन्छ अबेर ।
१४४
बोली नै त हो ठुलो कुरो,
नबोल्दा त हुन्छ अपूरो ।
१४५
समयसँगै हाँसी हेर,
गजब हुन्छ एकफेर ।
१४६
एकचोटि भन्दै झुक्किएँ,
खसमको कसम लिएँ ।
१४७
नाच्न खोजेँ हात नै अल्झ्यो,
टेक्ने खुट्टा पिपले बल्झ्यो ।
१४८
मानवबिच छ फरक,
साझा छैन वस्तुपरक ।
१४९
विशिष्टता रङ्गीन पर्व
सद्भावले गरिन्छ गर्व ।
१५०
चुनाव आयो गाउँ पस्ने,
जितेपछि त छुरा धस्ने ।

१५१
सिद्धान्तका ती ठेलीहरू,
फालेर बोक, नयाँ अरू ।
१५२
शत्रुको त गन्ध नआओस्,
मित्रसँग छुट्न नपरोस् ।
१५३
रहर कि अपरिहार्य,
देखाउन सफल कार्य ।
१५४
विश्वासको वातावरण,
पक्का गर त आवरण ।
१५५
सपना छ असल बन्ने,
कर्म हेरी जय होस् भन्ने ।
१५६
जोगाउने पुर्खाको भाषा,
महत्त्वपूर्ण अभिलाषा ।
१५७
सुन्दर देशको चिनारी,
मेहनती या त भिखारी !
१५८
देखासिकी गर्ने चलन,
बेला जान्छ गर्ने मनन।
१५९
मन हुनेको धन हुन्न,
धन हुनेको मन छुन्न ।
१६०
धन र मन दुवै हुने,
एकाध हुन्छन् मन छुने ।

१६१
बिहानीको सूर्य किरण,
मानवबस्तीको हिरण ।
१६२
असल मान्छे सोच्छ राम्रो,
भलाइ सोच्ने सबै हाम्रो ।
१६३
लेखकलाई लेख्न गाह्रो,
पाठकलाई बुझ्न साह्रो ।
१६४
पढेर पढेझैँ ओकल्नु,
धुनसँगै नाचेर गल्नु ।
१६५
जब सजिन्छ्यौ दामिनीमा,
तब देखिन्छ्यौ कामिनीमा ।
१६६
बुद्ध हुन् प्रतीक शान्तिका,
ज्ञानका हुन् राम्रो वाटिका ।
१६७
माया दिन्छ्यौ त घृणा दिन्न,
मायाको साटो घृणा लिन्न ।
१६८
सोच्छ्यौ खाली कृतघ्न खेल,
अबोध छन् रहरे भेल ।
१६९
आकाश ! रोए खुसी हुन्छन्,
किसानहरू ! दुःख धुन्छन् ।
१७०
घाम हाँसे अभागी ठान्छन्,
सधैँ इन्द्र देवता मान्छन् ।

१७१

अवस्था छ धोती न टोपी,
चाहन्छ ऊ सुन्दर खोपी ।

१७२

ज्यान फाल्ने माया लाइयोस्,
क्षमता, विद्वत्ता पाइयोस् ।

१७३

लामो यात्रा मायाले हुन्न,
आपत् पर्दा कसैले छुन्न ।

१७४

जे छ आज अपरिहार्य,
सौन्दर्य जोगाउने कार्य ।

१७५

उठाउँछन् मदिरा प्याला,
दन्केपछि आगोको ज्वाला ।

१७६

महत्त्वपूर्ण रङ्ग भरे,
ढुङ्गा त बोल्छ सिप परे ।

१७७

अरू देखिए भष्मासुर,
तिमी हौ जित बहादुर ।

१७८

ढुङ्गाको आधार हो माटो,
गन्तव्य पुराउने बाटो ।

१७९

मन्दिरको सम्पत्ति बढ्छ,
जब ढुङ्गोमा प्राण चढ्छ ।

१८०

पिउने बोतल मैझारो,
बिल तिर्न गोजी तगारो ।

१८१
कुविचार मनको न तोड्ने,
भगवान् भाकिराख्न न छोड्ने ।
१८२
शिक्षा लिए शिक्षित भएनन्,
दीक्षा गरे संस्कारी बनेनन् ।
१८३
पाखापखेरो सुन्दर बस्ती,
बनाई छाड्यौ कुरूप जस्ती ।
१८४
त्यति बढ्छ नदीको कटानी,
जति गर्छौं जङ्गल फँडानी ।
१८५
बन्धक नहोस् देशविकास,
जनताको लागि बनोस् खास ।
१८६
दिन गनेर बसे नराम्रो,
मनबाट भन्न पाऊँ हाम्रो ।
१८७
घर श्रीमान्को थर उसैको,
नसिब उही नारी सबैको ।
१८८
पार्वतीजस्तै बनेर हेर,
शिव हूँ म भेष बदलेर ।
१८९
हात दिए भने उठ्छु, हैन,
आँट गरे असम्भव छैन ।
१९०
बुद्धि चलाऔँ बल लगाऔँ,
रिस छाडी मिलाप बढाऔँ ।

१९१

पौरखले संसार जितिन्छ,
सबैको ध्यान आफैँ खिचिन्छ ।

१९२

यो धरतीकै सुन्दर नारी,
सुगन्धित एक फूलबारी ।

१९३

खुसीसाथ नाच्दै खाने नानी,
सबै खुल्यो फेहरिस्त बानी ।

१९४

भोलि पनि सूर्य उदाउँछ,
भन्दै ऊ समय उडाउँछ ।

१९५

मौन अवधिमा बोल्न पाइँदैन,
पुरानो नाराको नेता चाहिँदैन ।

१९६

जङ्गल, बस्ती, निर्मल पानी ।
क्या, राम्रो ! सुन्दरताको खानी,

१९७

बस्तीभित्र शोभा छ बादल,
छटामा रम्दछु हरपल ।

१९८

जसले छोड्दै जान्छ लगाम,
तिनलाई ठोक्दछु सलाम ।

१९९

बहादुरी जहिले सलाम,
नहोस् जुनै देशमा लगाम ।

२००

माथिको तोकमा खैलाबैला,
फ्याँके सायद हातको मैला ।

२०१

आएछु बनेर पर्यटक,
केके छन् पोखरा आकर्षक ?

२०२

न विज्ञता न छन् नै दक्षता,
घमण्ड अघि झुक्छ क्षमता ।

२०३

दिमागमा पर्‍यो क्यारे ढुसी,
खोजे भेटिन्छ आफैँमा खुसी ।

२०४

जोडी बाँधौँ मायाले बाँधेर,
जुग गाल्ने कसमै खाएर ।

२०५

तरुल, रोटी, मकर मेला,
भुलेछौ पिज्जा खाएको बेला ।

२०६

हिमाल जस्तै अटल हुनू,
मेहनत गरी चाँद छुनू ।

२०७

कयौँ रात त अनिदो होला,
किन फाल्छौ यो सुन्दर चोला ?

२०८

मुटु तिम्रो रहेछ पथ्थर,
भन कसरी हुन्छ मथ्थर ?

२०९

न्यानो काख तथा वक्षस्थल,
स्वर्ग प्राप्त मानसपटल ।

२१०

उँभौली सेवा साकेन्वा पर्व,
किराँती समुदायको गर्व ।

२११
देश र जनताका सेवक,
वैरीसामु नझुक्ने रक्षक ।
२१२
देश बनाउने तिनै नेता,
कालो धन बनाउँछन् सेता ।
२१३
धन हुनेहरू धन प्यारो,
गरीबहरू बाँच्नै अप्ठ्यारो ।
२१४
जाली कुरा जहिल्यै चल्दैन,
आगोबिना फलाम गल्दैन ।
२१५
गाईगोठमा भेडा बस्दैन,
भेडीगोठमा गाई पस्दैन ।
२१६
नपर्खनु नराम्रो इसारा
बिग्रन सक्छ नि भाइचारा ।
२१७
खलनायक जस्तो पारामा,
मख्ख पाऱ्यो चुनावी नारामा ।
२१८
देश बनाउने युवा शक्ति,
गुलाम बनाई गर्छन् भक्ति ।
२१९
लाजमर्दो छ सडक, बाटो,
गन्हाइसक्यो देशको माटो ।
२२०
सित्तैमा नोट हामी लिँदैनौँ,
गद्दारलाई भोट दिँदैनौँ ।

२२१

ताल न बेतालको कुराले,
सौन्दर्य मर्छ तिखो छुराले ।

२२२

कठै ! पोल खोल्ने प्रतियोगिता,
मञ्चमा हेर्न लायक रमिता ।

२२३

सत्य साबित परिचय ठेट्नु
टाट्नोको घाँस न छोड्नु न भेट्नु ।

२२४

स्वस्थ रहन पौष्टिक आहार,
तन्दुरुस्त नै जीवनको सार ।

२२५

परिश्रम उस्तै काम अनेक,
मजदुरहरूमध्ये म एक ।

२२६

सनकको निसाना बारबार,
कालो धब्बासँगै लाचारी हार ।

२२७

लोभलाग्दो सबै हुने चर्चाको,
कामना गर्छन् ओगट्ने पर्चाको ।

२२८

साँच्चै बाध्यता हो या त रहर !
नजान्नेले दाउँदैछ बहर ।

२२९

हद नाघ्यो अब त दिनगन्ती,
यो प्रवृत्तिमा मलामी न जन्ती ।

२३०

सबैले नै देख्छन् धनसहित,
कसैले देख्दैनन् धनरहित ।

२३१
साहित्य हो समाजको दर्पण,
विकृति विरुद्ध तीर अर्पण ।
२३२
प्रत्येक हिसाब मिलेमा टम्म,
फुलेको फूल झर्नु के अचम्म ?
२३३
बेवास्तामा सुनिए कान थुन्ने,
जनताको आवाज किन सुन्ने ?
२३४
घरमा पोथी अचानक बासिन्,
अलच्छिनी भन्दै आमाले मासिन् ।
२३५
रक्तदान एक जीवनदान,
फेरिने सासझैँ गरौँ सम्मान ।
२३६
जे कुरा भने दोभासे लमीले,
घर अँध्यारो छ तिम्रो कमीले ।
२३७
रिसाए आफ्नै मुख हुन्छ कालो,
उकालो चढ्दा पुगिन्छ ओरालो ।
२३८
भविष्यको छ एक कर्णधार,
देश कुरिरहेछ लगातार ।
२३९
नेपाली साहित्यका आकर्षक,
माध्यमिक कालका प्रवर्तक ।
२४०
घरबार जोडिन्छ विश्वासले,
उज्ज्वल भविष्य हुने आसले ।

२४१

छोरीचेली सुरक्षित नभए,
सृष्टि चल्छ कर्मघर नगए !

२४२

बुझ्न सकिनँ खास तिम्रो कुरा,
सोचेको सपना भएन पूरा ।

२४३

भनिन्छ नि "अतिथिदेवो भवः",
राष्ट्रको एक राम्रो अवयव ।

२४४

स्वदेशी होस् विदेशी रमाउँछन्
प्रकृतिप्रेमी अवश्य धाउँछन् ।

२४५

सानो देश सुन्दरताको खानी,
विश्वसामु हामी छौँ भाग्यमानी ।

२४६

तिमी बिगार्ने म सपार्दै जाने,
यो सहयात्रा कहाँसम्म लाने ?

२४७

न घाम भन्छन् न साउने झरी,
भोक नभनी खट्छन् सधैँभरि ।

२४८

शिक्षक जहिले बलियो सेतु,
भविष्य चिनाउने बन्छन् हेतु ।

२४९

दैवी प्रकोपमा बाढी पहिरो,
नमेटिने लाग्यो चोट गहिरो ।

२५०

लागोस् न भनेर लाग्दैन लाज,
भन्नै पर्ने कुरा भुलिन्छ आज ।

२५१
सानो उमेरमा त थाहा छैन,
ठुलो भए पछि सुहाउँदैन ।
२५२
एकोहोरो खाली यो दिमागमा,
मासु मासु पक्का मेरो भागमा ।
२५३
सद्भाव रहन्छ भाइटीकामा,
जस्तै शोभा हुन्छ निहारिकामा ।
२५४
हर-पाइलामा सफल बनोस्,
उदीयमान विधा, आहा ! भनोस् ।
२५५
संयोगले जाडो भागमा पर्‍यो,
न्यानो सिरक झनै पर सर्‍यो ।
२५६
आश्वासन धेरै छन् कम काम,
गर्नुभन्दा पहिले खोज्छन् दाम ।
२५७
लौ प्रिय ! सुझाइदेऊ निर्णय,
जीवनभरि मायाको विजय ।
२५८
समृद्ध भएको हेर्ने चाहना,
अप्ठ्यारो नआओस् भन्ने कामना।
२५९
सखरखण्ड र तिलको लड्डु
चाकु खान्छन् पातले होस् या ढड्डु ।
२६०
उसले गर्छ र म गर्छु हैन,
आफैँ खटे जस्तो केही हुँदैन ।

२६१

यति दह्रो हुन्छ आमाको  काख,
जति बलियो मान्छौ त्यो अग्राख ।

२६२

कति सुरक्षा दिन्छिन् हाम्री आमा ?
जति  बस्छौ  भगवान्  भरोसामा ।

२६३

लिएर जाऊँ आमा मान्नुहुन्न,
छान्न लाउँदा कुनै छान्नुहुन्न ।

२६४

सबै नेताहरू एकै ड्याङ्का,
फल नलाग्ने बिकामे भ्याङ्का ।

२६५

अरूलाई युद्धमा पठाउने,
आफ्नालाई डाक्टर पढाउने ।

२६६

ओइलेर झर्ने फूलको पात,
मानौँ, दिन ढलेपछिको रात ।

२६७

कोरा कागज जस्तै न हो जिन्दगी
मर्दा लाने के नै छ र गर्नु ठगी ।

२६८

फुल्छ अवश्य पर्खेर आफ्नो याम
दिन पर्खँदैन पानी होस् या घाम ।

२६९

साहित्य एक सामाजिक दर्पण,
शब्द गुच्छा टपक्क गरौँ अर्पण ।

२७०

लुछाचुँडी सधैँ बुन्छौ तानाबाना,
जनताको पिर एक पेट खाना ।

२७१

गरिब देशका धेरै धनी नेता,
कालो धन सबै बनाउँछन् सेता ।

२७२

राष्ट्रको सम्पत्ति सिंहदरबार,
ठालुहरू सोच्छन् आफ्नो घरबार ।

२७३

राम्रा चाहनाहरू छन् अनगिन्ती,
पूरा गर्न भाग्यसित गर्छु बिन्ती ।

२७४

काम एकातिर कुरा अर्कोतिर,
कानुन लागु नहुने सधैँ पिर ।

२७५

विद्युत्, खानेपानी यातायात बन्द,
विकल्प दिगो भए हुन्थ्यो आनन्द ।

२७६

यत्रतत्र चर्चित हुने रहर,
मान्छे बुढो हुन् दाउने रे बहर ।

२७७

विद्वत्ता चाहिएन केही दक्षता,
दौडधुप सके त्यही हो क्षमता ।

२७८

भाग्य केलाउँदैछु तातो घाममा,
म नामसारी भएँ तिम्रो नाममा ।

२७९

गन्तव्यमा उड्न लागेको रहर,
ओर्लिनु छ कष्टरहित सहर ।

२८०

सुन्दर फूलको जवानी चढेछ,
बतासले त लौ ! सखापै पारेछ ।

२८१

वसन्तले नूतन वर्ष रङ्गायो,
तब त उमङ्गले मन रमायो ।

२८२

जाने या नजाने विचारको पाटो,
स्वर्ग कि नर्क पक्का पुग्छ यो बाटो ।

२८३

हेर्ने रहर इन्द्रको दरबार,
बादलमा खेल्दै जोडौँ घरबार ।

२८४

पापी मनलाई ढोका बन्द हुन्छ,
सत्कर्मले सही बाटो आफैँ चुन्छ ।

२८५

छोराछोरीका लागि खम्बा बनेर,
बुवा रक्षक बन्छ दुःख हरेर ।

२८६

मुखमा त सधैँ पुण्य शब्द पाल्छ,
कहीँ न कतै खराब चाल चाल्छ ।

२८७

लालीगुराँस आँखामा सजाएर,
चित्त बुझाउँछु साकुरा हेरेर ।

२८८

भाषा राम्रो एक अर्कामा सञ्चार,
मुख्य माध्यम हात र अनुहार ।

२८९

यताकाले उता, उताकाले यता,
नेता गाली साट्दै व्यस्त हामी कता ?

२९०

एउटा मान्छे सानो होस् या त ठुलो,
अहङ्कार बढ्यो भने हुन्छ धुलो ।

२९१

मैनबत्तीझैँ ज्योति शिक्षाको दिने,
दत्तचित्त भई सेवामा खटिने ।

२९२

न्याय दिने नै अन्यायमा परेर,
चड्कनमा दियो खुट्टा उचालेर ।

२९३

मङ्सिरमा अमूल्य घामको ताप,
कठङ्ग्रिएर चल्दैन पदचाप ।

२९४

हराउँदै गए ढाका टोपीहरू,
आयातित बजारभरि छन् बरु ।

२९५

लमी ल्याउँला आवश्यक सर्जाम
रित पुऱ्याउन जून टिप्छु घाम ।

२९६

पेसेवार खेल्नेदेखि सावधान !
जसलाई चाहिन्छ मान-सम्मान ।

२९७

सौन्दर्यको बयान गरूँ कसोरी ?
बोली, रूपले लठ्ठ पार्छे यसोरी ।

२९८

खोक्रो पार्दै छोडिजान्छन् लालाबाला,
निको छैन समाजमा यस्तो चाला ।

२९९

पाखापखेरो एकसाथ रमिते,
परदेसिने आँखाहरूले जिते ।

३००

उसैगरी चयन गर मायामा,
कसैगरी विरह नहोस् कायामा ।

३०१

सन्तान, सुख र सम्पत्ति चाहिन्छ,
जीवनभरि पानीबिना बगिन्छ ।

३०२

गलत दिमाग लगाए भोटमा,
नोटमा साटेर जाकिन्छ चोटमा ।

३०३

असत्यमाथि सत्य पक्षको जित,
होलीसम्बन्धी कालजयी छन् गीत ।

३०४

एउटा गीतले डराउने यस्तो,
सिर्जना नपचाउने मुटु कस्तो ?

३०५

समृद्धि हुने देखाउँछन् सपना,
नेपालीको लेखिएन त्यो लहना ।

३०६

विदेशमा युवा फुलुन्जेल केश,
वृद्ध र बालकले के बन्थ्यो देश?

३०७

टनाटन  छन् त तिम्रै मात्रै झोला,
भलै, बिर्स्यौ क्यारे ! मरिजाने चोला ।

३०८

गुलाफसँगै अस्तित्व छ काँडाको,
घाम लुकाउने अर्थ छ डाँडाको ।

३०९

रात चिरेर तब हुन्छ उज्यालो,
जब सबैको आउँछ सही पालो ।

३१०

सत्य वचन लिएर मात्र आऊ,
गलत दृष्टिले हो भने नधाऊ ।

३११
गोरखाली गाथा कोरेर सकिन्न,
ताजा इतिहास, छैन भिन्न-भिन्न ।
३१२
वैदेशिक अनुदान लिनुभन्दा,
राम्रो हुन्थ्यो पौरखले देश बन्दा ।
३१३
कति पर्नु सधैँ अरूको भरमा?
लिने ऋण बाध्यता कि रहरमा !
३१४
परिश्रमी, कर्मशील हातहरू,
यी भन्दा सम्मानयोग्य हुन्न अरू ।
३१५
रोग लागेमा पाउने उपचार,
पशुको नि नैसर्गिक अधिकार ।
३१६
बडादसैँको शुभेच्छा, आशीर्वाद,
कोही कसैमा नपरोस् आर्तनाद ।
३१७
माली  बन्नेको भागमा पर्‍यो पात,
काँध थाप्नेको बेवास्ता भयो हात ।
३१८
लाग्छ मलाई मायामा तिम्रो भुल,
डाँडाकाँडा ढाकेको सुन्दर फूल ।
३१९
धन्न पार्टीको सदस्यता मगाएँ,
र, सुकुमवासीमा नाम सजाएँ ।
३२०
त्यसरी सौन्दर्यको विचार ढल्यो,
जसरी बेइमानी बतास चल्यो ।

३२१
बास कताको स्वर्गतिर हो कि नर्क,
विषयवस्तु एक मान्छेपिच्छे तर्क ।
३२२
गफले बाँचेका छन् गफैले टिक्दैछन्,
त्यस्तो ठालुबाट अरूले के सिक्दैछन् ?
३२३
एक जून हौ तिमी सुबासिलो फूल,
एउटा कुल हौ सिङ्गो मायाको मूल ।
३२४
बाँडचुँड खाऔँ साथी एक्लै त दिन्न
थेत्तरो बनिस् भने पार्छु छिन्नभिन्न ।
३२५
महत्त्व कति छ सोध्छौ मेरो बोलीको
जति छ तोपबाट निस्कने गोलीको ।
३२६
कालजयी गीतसँगै नमर्ने भए,
साङ्गीतिक नक्षत्र अस्ताएर गए ।
३२७
मेरो ऐना उनी हुन् म ऐना उनको,
हिरा हाम्रो जिन्दगी के कुरा सुनको ।
३२८
तिमीसँग छैन त त्यो आस नगर,
तिमीसँग जे छ त्यसमा भर पर ।
३२९
मन मेरो आमाबा र घरले जल्छ,
जति रफ्तारमा हुरीबतास चल्छ ।
३३०
भन्ने भन्छन् पढ्न उमेरले छेक्दैन,
नाटकीय पढाइ देख्नेले देख्दैन ।

३३१

कोरोना फैलियो मन्त्रीलाई फाइदा,
सलह फैलिए मन्त्रीको नै काइदा ।

३३२

बालबालिकाहरू ज्यादा पठाउँछन्,
धेरै काम थोरै दाममा खटाउँछन् ।

३३३

काम चलाऊ हो चलाऊ काम हैन,
सेनामेना खटन सही ढङ्ग छैन ।

३३४

बुढा पदमुक्त बुढी पद बहाल,
बुढी पदच्युत बुढा भो मालामाल ।

३३५

बेसरम देख्दा देख्नेलाई पो लाज,
बालुवामा शीतल हुने के छ राज ?

३३६

धेरै हद आउने विपद् आफैं खन्यो,
त्यसमा प्रकृति अति निर्दयी बन्यो ।

३३७

अनिवार्य एक व्यक्ति एक बिरुवा,
घाँस-दाउरा गरौं तिरेर तिरुवा ।

३३८

साझा जङ्गल बराबर अधिकार,
राम्रो संस्कार बसे बन्छ यादगार ।

३३९

लोभलाग्दो सुन्दर मेलम्ची सहर,
एकैछिनको बाढीले बन्यो बगर ।

३४०

नेपाली साहित्य लेखनमा सशक्त,
उनै हुन् तनहुँमा जन्मे भानुभक्त ।

३४१
यता कुद्छन् के खोज्दै उता अर्को हुल !
दाउपेचमा पोख्त आफू अनुकूल ।
३४२
जसले प्रभुमा धेरै भेटी चढायो,
कसले पदको लागि पाउ बढायो ?
३४३
हठात् बानीले लाग्न सक्छ चुकचुक,
गमेर निर्णय होस्, नहोस् धुकचुक ।
३४४
होला नचिनेर माया या व्यवहार,
समाजमा हुन्छन् देखाउने लाचार ।
३४५
प्रेमालाप लेखिदैन हतियारले,
झस्काउँछ बनेका ती यादगारले ।
३४६
विश्वास गर खोजेर आफ्नो क्षमता
नियालेर हेर्दा भेट्छौ त्यो मानवता ।
३४७
मनुष्यको मन भगवान्ले जान्दैन,
एक मनले सोच्छ अर्कोले मान्दैन ।
३४८
निःस्वार्थ बालबच्चामा गरौँ लगानी,
सही बाटो देखाएमा हुन्छ आम्दानी ।
३४९
स्वर्ग, मध्य, पाताल लोकको निर्माता,
विश्वकर्मा बाबा भगवान्को छ नाता ।
३५०
बोल्न मन लागेछ रे मुख खोलेर,
बोलेको के अर्थ वाहियात बोलेर ।

३५१

जीवन बदल्ने ऊसँग हुन्छ मन्त्र,
चेलोको मर्जी फाल्ने कि राख्ने त्यो जन्त्र ।

३५२

यतिका वर्ष भोटोको मिलाएँ तुनो,
लौ न ! उठिबास भो बाग्मतीको कुनो ।

३५३

कसलाई चाहिँ राजनीतिज्ञ गन्ने ?
पोथी-भाले र भालेलाई पोथी भन्ने ।

३५४

ब्युँझाउँछ सालिन्दा मालश्री धुनले,
दसैँको निम्तो बाँड्छ शरद्को जूनले ।

३५५

मूर्ति बने, न तिर्खा लाग्छ न त भोक,
संसारले चिन्छ, सुर्ता लागोस् न शोक ।

३५६

अँध्यारो होला या त उज्यालो साथमा,
भगवान्ले दिन्छन् एक पक्कै माथमा ।

३५७

निस्के सारा पारिलो घामको खोजीमा,
विपक्षमा झुल्क्यो घाम मनमोजीमा ।

३५८

छोटो समय लाग्थ्यो तिमीसँग भेट्दा,
हृदय दुख्थ्यो जति करौँतीले रेट्दा ।

३५९

एकताको प्रतीक तालीका लायक,
पृथ्वीनारायण हुन् राष्ट्रका नायक ।

३६०

जब गोरेटोले बनाउँछ बेटुङ्गो,
तब याद गर्छौं दोबाटोको अपुङ्गो ।

३६१

आधा आकाश, धरती ढाक्ने हुन् नारी,
शोभा दिने हर घरको फूलबारी ।

३६२

प्रविधिले नजिक ल्यायो यो संसार,
गलत प्रयोग बिगाऱ्यो घरबार ।

३६३

गल्ती मात्रै खोतालिरहने समाज,
चाल पाउँदैन देखिएपनि लाज ।

३६४

रणभूमि उत्र्यो युक्रेनी राष्ट्रपति,
देश बचाउन प्रयोग गर्यो मति ।

३६५

अदम्य साहसका तिनी हुन् प्रतीक,
कहिल्यै हुन्न हस्तक्षेप वैदेशिक ।

३६६

न्याय छ कि छैन सुन्दर देशमा,
मायालु अनुहार बेग्लै भेषमा ।

३६७

ठान्ने आफू आफैं युद्धको हिमायती,
शान्तिको लागि के-के गर्यौ किफायती ।

३६८

सिद्धान्तमा पुरानोभन्दा नयाँ माने,
कायापलट हुन्छ नयाँ राम्रो ठाने ।

३६९

अचम्म छ मैले सुन्दा गायक रुन्छ,
त्यही गीत संसारमा चर्चित हुन्छ ।

३७०

दुबो जहाँ र जसरी पनि उम्रन्छ,
उमार्न त्यस्तै नाता मनले चाहन्छ ।

३७१

कहाँ पुग्यो कुन्नी देश बन्ने कहानी,
झोलाभित्रै छुट्यो या त भयो खरानी ?

३७२

नचाउँदै नाङ्गो सिरुपाते खुकुरी,
समान वेग गोर्खाली र आँधीहुरी ।

३७३

दुनियाँमा तिर्सना सबैलाई लाग्छ,
कोही यस्तो छन् कि लाजसरम भाग्छ ।

३७४

कलियुगमा त सीताको महत्त्व,
हम्मेहम्मे भेट्न मानवीय तत्त्व ।

३७५

व्यक्ति राम्रो बन्यो भने समाज बन्छ,
एकत्रित समाजमा कस्ले के भन्छ ?

३७६

धोका खाएर जनता चलाख भए,
हाम्रो भोट बैंक भन्ने समय गए ।

३७७

हतारिनु नराम्रो हो ठाडे खोला जस्तो,
आफ्नो मूल्य घट्दै जान्छ बोले बोली सस्तो ।

३७८

भन्छन् नि लहरा तान्दा पहरा थर्कन्छ,
मुखबाट खाने नाकमा कोच्दा सर्कन्छ ।

३७९

आऊ प्रिय ! माया बाँडौं अझ बढ्छ खुसी,
हाम्रो जुग गाल्न पुग्थ्यो ऊर्जा पाए झुसी ।

३८०

तैँ चुप मै चुप गरौँला हामी मिलेर,
प्रमाण सबै नष्ट गरौँ स्वात्त निलेर ।

३८१

विभीषण किन गए रामको साथमा,
भाग्य हरण ताज रावणको माथमा ।

३८२

रानी तिमी म हूँ राजा खेलौँ लुकामारी
पुतलीको बिहे गर्दै गोडौँ फूलबारी ।

३८३

कुमालेको चक्र जस्तै लाग्छ जिन्दगानी
सुक्ख दुक्ख घुमिराख्ने सधैँ अनजानी ।

३८४

सुन्दरता उस्तै लाग्छ तिमी र फूलमा,
बगैँचामा फूलको शोभा तिमी कुलमा ।

३८५

उसले ज्यादा गरिरहेको हुन्छ गाली
जसले हर प्रगतिमा दिँदछ ताली ।

३८६

भन्छन् बुढापाका आधा गाग्रो छचल्किन्छ,
आकार बढ्न खोला नि नदीमा मिसिन्छ ।

३८७

चाहना राखौँला बन्न हनुमान् त्यसरी,
सञ्जीवनी बुटी ल्याउन सक्ने जसरी ।

३८८

पूर्वपट्टि काम भए उतैतिर हिँड,
केही छैन असम्भव सकेसम्म भिड ।

३८९

भाग्य भविष्य कता के छ हाम्रो लहना,
सिँगार गर्न सक्नु आफू आफ्नै गहना ।

३९०

मलाई दल र दलदल उस्तै लाग्छ,
नभई नहुने धेरै हुँदा चैन भाग्छ ।

३९१

हाइ-हाइ पदलाई हो नि व्यक्ति हैन,
बल्ने आगो तापिन्छ मरेको तापिँदैन ।

३९२

सौन्दर्यको मूल्य जानी जानी बिगारेर,
भन त लौ के अर्थ अरूले सुधारेर ?

३९३

मङ्गल ग्रह लाने चढाई रकेटमा,
अफवाह असाध्यै सुनियो बजेटमा ।

३९४ (दरबार हत्याकाण्ड)

वंशनाश शान्तिप्रेमी राजा वीरेन्द्रको,
आजको दिन निभे दीप आशा केन्द्रको ।

३९५

नदी तर्न या हिमाल चढ्न हुन्छन् राजी,
हारजित बेमतलबमा थाप्छन् बाजी ।

३९६

सक्ने जतिले खान्छन् नसके खुट्टा तान्छन्,
विदेशी बैंक प्राय आफ्नै बारीको ठान्छन् ।

३९७

पात मनपर्छ राम्रो जरा मनपर्छ,
तब मनले सफलताको सेतु तर्छ ।

३९८

अति भो देशभित्र स्वार्थ र लुट तन्त्र,
हे, ईश्वर ! विकासको देऊ एक मन्त्र ।

३९९

राजधानीमा पानी खाने सपना टुट्यो,
मेलम्चीको कमजोर संरचना फुट्यो ।

४००

मेलम्चीसँगै इन्द्रावती उर्लेर आयो,
हराभरा खेतबारी सखापै बनायो ।

४०१

पहिरो गयो बाढी मच्चियो कोकोहोलो,
घरभित्र सामान टिप्न काढ्यो दोहोलो ।

४०२

गिट्टी, बालुवा, ढुङ्गा उत्खनन् राम्रो हैन,
सबैभन्दा उत्तम उपाय अरू छैन ।

४०३

दही मथे नौनी बन्छ नौनी खारे घिउ,
श्रमसँगै फल खान छर्नै पर्छ बिउ ।

४०४

केटीको समूह तिम्रो होस् मेरो केटाको,
दोहोरी खेलौँ बाजीमा घुम्टो र फेटाको ।

४०५

मैले बोलाएँ नामबाट तिमी लजायौ,
मैले मन पराएँ नबोलेरै जलायौ ।

४०६

अन्यायमा परेकाले पाएछन् रे न्याय,
न्याय बाँड्न बसेकाको मान्नुपर्छ राय ।

४०७

तब होला स्थायी सरकारको आरम्भ,
जब छोड्छन् अहङ्कार व्यक्तिगत दम्भ ।

४०८

गुरुहरूबाट धेरै पाएँ नयाँ शिक्षा,
उच्चाकाङ्क्षा पूरा हुने लिएको छु दीक्षा ।

४०९

धुलो धुँवा बेपर्बाह कर्तव्यमा निष्ठा,
रातदिन जोगाउँछन् देशको प्रतिष्ठा ।

४१०

श्रावण शुक्लपक्षको पञ्चमी तिथिमा,
नाग फोटो पूजा गर्ने तोकेको मितिमा ।

४११
सबैको अघि हँसाएर कि रुवाएर,
सकेसम्म आफ्नो पार्छन् सुन्ने सुनाएर ।
४१२
हाँसौँ भनौँ भने भन्लान् जवानी चढेछ,
रिसाऊँ, फेरि सोच्लान् तातो खुन बढेछ ।
४१३
बाँचेर मात्र हेर त यता उता हेर्दै,
अघिको बोली सुटुक्क बस्छन् पछि फेर्दै ।
४१४
पहिलेकोले हँसाउन उखान भन्ने,
अहिलेकोले आफू पायक दिन गन्ने ।
४१५
स्वार्थ सानो या ठुलो यति मात्र फरक,
भन्यो भने चित्त दुख्ला यथार्थपरक ।
४१६
म भन्छु कलमभन्दा ठुलो हतियार,
काम थोरै गर्छ र सानै हुन्छ आकार ।
४१७
धर्म गर्नु सम्पत्ति जस्तै नै हो मूल्यवान्,
पाप नगरौँ, प्रयास गरौँ बन्न महान् ।
४१८
पाखुरी बजाएर राम्रो दाउमा चौका,
सामुन्नेमा धेरै बाजी आउँदैन मौका
४१९
पहिचान गर न घरैभित्र छ टम्म,
बेकार छ, किन सोच्छौ टाढा टाढासम्म ?
४२०
हर लेनादेना चल्दै गर्छन् विश्वासमा,
जसरी पृथ्वी गोलो छ भनिन्छ खासमा ।

४२१

सहाराको खोजीमा क्यारे टुहुराहरू,
भविष्यका कर्णधार हुन् बबुराहरू ।

४२२

सपनाको टुक्रो कतै बिर्सिन्छ भनेर,
डायरीमा टिपिसकेँ अक्षर गनेर ।

४२३

तपाईँको र मेरो मन लाग्छ दुरुस्तै,
साहित्यमा मनपेट खोलिहाल्ने उस्तै ।

४२४

काम, नाम दिन्छु तिमीलाई माम दिन्छु,
सट्टामा किन जहिले बदनाम लिन्छु ?

४२५

डाँडापाखा हरियो सुन्दर सबै खोला,
यस्तो मनै लोभ्याउने कुन ठाउँ होला ?

४२६

एकचोक्टा मासु भेटे, मान्छन् जस्तै दसैँ,
एकसरो आङ ढाके हिँड्न सक्छन् बसैँ ।

४२७

महान् चाड दसैँ गयो खाँदै, पकाउँदै,
भोलिदेखि ऋणले पिर्छ साहु आउँदै ।

४२८

मान्छे लोभी हुन्छन् नाममा सानो होस् ठुलो,
त्यसैले त ढुङ्गा भन्दा बन्छन् छिटो धुलो ।

४२९

चञ्चलता आजभोलि तिमीभित्र देख्छु,
प्रेमपत्र तिम्रो नाम, ठेगानामा लेख्छु ।

४३०

कुर्सी हत्याउन बलियो दाबेदारी झन्,
एक, दुई अपराध देखाऊ कति छन् ?

४३१

कहाँ सकिन्छ ? गाएर आमाको महिमा,
सुख सन्तानले दिएमा बढ्छ गरिमा ।

४३२

समृद्ध बन्दै बढोस् अघि उल्लासमय,
साहित्यिक यात्रामा सबैले भनून् जय ।

४३३

शिरफूल शिरमा दिन्छु कल्ली गोडामा
नौमती बाजासँगै लान्छु बग्गी, घोडामा ।

४३४

फूल फुल्यो चारैतिर बेस्सरी बागमा,
वासना चल्यो मगमग मेरो भागमा ।

४३५

हात्ती तह लगाउन काफी छ कमिलो,
फल खान कति हतार ? टिप्छन् चिचिलो ।

४३६

साहित्यमा जातभात हुन्न भेदभाव,
हेरिन्छ केवल शुद्ध कलमको बहाव ।

४३७

साँध-सीमाना सबै नाघ्छन् गतिछाडाको,
घर कुर्नेले बेठेगान हाँडाभाँडाको ।

४३८

विश्वभरि कोरोनाको महामारी बढ्यो,
दिनहुँ सङ्क्रमित सङ्ख्या उकालो चढ्यो ।

४३९

लापरवाह जानी - जानी गर्नु नराम्रो,
संसारमा स्वस्थ ज्यान मुख्य धन हाम्रो ।

४४०

उनीसम्म एउटा चिट्ठी पुऱ्याइदेऊ,
परेवा, मेरा कथा व्यथा सुनाइदेऊ ।

४४१

जेलेन्स्कीको चाहना युद्धविराम गर्ने,
पुटिनको चाहना छ सबै शक्ति हर्ने ।

४४२

कहिल्यै भरी नहुने कस्तो बोक्छन् गोजी,
सोच्दा मात्रै छक्क लाग्छ,गर्छन् मनमोजी ।

४४३

स्वार्थभित्र घुमाउन खोज्छौ सीधा कुरो,
भर पर्नेहरूको मन सधैँ अपूरो ।

४४४

त्यति महत्त्व फूलको अलग्गै उने धागोमा
जति अर्थ राख्छ भात पाक्ने भाँडोले आगोमा ।

४४५

यात्री हूँ म सधैँभरि गर्छु यात्रैयात्रा,
कतै भेटेँ खुसियाली कतै जात्रैजात्रा ।

४४६

सपनामा जुन बाटो एउटा खोज्दैछु,
लक्ष्य भेट्ने आशामा त्यही बाटो रोज्दैछु ।

४४७

भाग्य दोषी मान्नुभन्दा कर्म गर यहाँ,
नतिजा मिठो हुन्छ, पाउँछौ जहाँतहाँ ।

४४८

धेरै बाँड्यो त्यस्ता आशा स्वीकारिन्न अब,
नबोलेरै काम गर भोट गर्छौं तब ।

४४९

वासन्ती पल्लवले मिठो स्वागत गर्‍यो,
हरियाली नयाँ साल उमङ्गको पर्‍यो ।

४५०

कोबाट सिक्यो ? कुन्नि दुनियाँलाई ढाँट्न,
हामी सिक्यौँ तिमीबाट स्वार्थीलाई छाँट्न ।

४५१
हिँसारहित सारा दुनियाँ बनाउन,
खानदानी त्यागे सदाचारी सिकाउन ।
४५२
मुसोले नै बिरालोलाई खेलाउँछ खेल,
नपत्याए राजनीतिमा हेरौँ बाँचुन्जेल ।
४५३
माया भन्ने चीज के हो के हो? अचम्म लाग्ने
छैन माया भने त सबै भोक, निन्द्रा भाग्ने ।
४५४
जनता गरिब देशका सबै धनी नेता
निजी सम्झी रित्याउँदैछन् सबै जायजेथा ।
४५५
मुखियाबाले अपवित्र बनाए चौतारो
माइला र साहिँलाबाले छोड्छन् त उधारो !
४५६
कुटेजस्तो म गर्छु रोए जस्तै गर तिमी
चोकमा भेडा बोलाई सँगै जाउँला ठिमी ।
४५७
कानेखुसी गरेका थियौ हिजो भेट्दाखेरि
हात समाई आयौ आफैँ किन गयौ फेरि ?
४५८
रहरलाग्दो कुरा गर्छौ बान्की राम्रो उस्तै
मन्दिर जान्न भेटी तिमी भगवान् दुरुस्तै ।
४५९
रङ्गको पर्व मनाऔँ रङ्गीन बनाएर
माया र प्रेम पूरा सद्भाव अपनाएर ।
४६०
सिपालु हातले मन्दिर राम्रो सजाउँछ
मन्दिर मालिकले उसैलाई धपाउँछ ।

४६१
कोरोनाबाट दुनियाँमा छैन भाग्ने ठाउँ,
जतातत्तै महामारी के सहर के गाउँ ।
४६२
शिक्षक आफैँमा एउटा राम्रो पाठशाला,
गाउँ समाजले दिए हुन्छ फूलको माला ।
४६३
कति मान्छे त बहानामा टार्छन् सधैँभरि,
हात खोज्दा कोही दिन्छन् वचन पुग्ने गरी ।
४६४
माया गर्छु बेस्सरी तिमी बोल्छौ नाना भाँती,
कसरी पो निको पार्ने यादले पोल्ने छाती ।
४६५
आमाको दाइजो हैन क्यारे बुबाको बिर्ता,
झिटीगुन्टा बोके हुन्छ नासो बुझाई फिर्ता ।
४६६
भित्री चाहना बन्ने रे जिउँदो इतिहास,
विचार निजी हो मलाई त लागेन खास ।
४६७
अँध्यारोमा महत्त्वपूर्ण बत्तीको चहक,
कसलाई मन पर्दैन फूलको महक !
४६८
हेक्का राखौँ नेताहरू कति छन् जनहित,
निर्धक्कले जनताहरू छन् त सुरक्षित ?
४६९
राम्रो नाना दिन्छु भन्थे घरको पनि छाना,
हुँदा खानेलाई त चिन्ता पेटभरि खाना ।
४७०
मरेको मान्छेलाई त जुम्राले पनि छोड्छ,
सहँदैनन् अब बाटो जसले पनि मोड्छ ।

४७१
विपत्तिमा परेकालाई गरौँ सहयोग,
सुखको बेला त आफैँ गर्छ नि सुख भोग ।
४७२
प्रायः मान्छे लोभी हुन्छन् हेर अझ अचेल,
चर्चा पाउने जेमा पनि गर्छन् ठेलाठेल ।
४७३
दुरुपयोग प्रविधिले अल्छी बनाउँछ,
सदुपयोग प्रविधिले नाफा कमाउँछ ।
४७४
मादक खानेले बिस्तारै कम गर्दै छोडौँ,
खाँदै नखानेले सज्जन साथी मात्र जोडौँ ।
४७५
पानी परेर कुलो आयो रोपाइँ गरिन्छ,
मुठी खाई मुरी उब्जाई भकारी भरिन्छ ।
४७६
यो पालिको भव्य रोपाइँ बेठी बजाएर,
दही-चिउरा जति खाने सारा खुवाएर ।
४७७
कालोपत्रे उप्किन्छ नपुग्दै महिना दिन,
मापदण्ड थाहा हुँदा नि बन्छन् नेत्रहीन ।
४७८
यात्रा अगाडि बढ्दै गर्दा अधकल्चो भए,
नववर्ष नयाँ बाटो पुराना दिन गए ।
४७९
कविता गीतमा देखिन्छन् राम्रो एउटा कथा,
त्यही कथाभित्र समेटिन्छन् आफ्नो सबै व्यथा ।
४८०
साहित्याकाश ऊबिना सधैँ अपूरो हुन्छ,
सिर्जनाहरू अक्षरशः पढ्दा मन छुन्छ ।

४८१

सिन्दूर, पोते जोहो गरेँ मात्र तिम्रो लागि,
समाजको हेराइमा राम्रो विवाह मागी ।

४८२

जनता पीडित छन् महामारीको रापमा,
नेता सधैँ व्यस्त छन् सत्ताको हानथापमा ।

४८३

साक्षात् भगवान् तिनै राम्रो जसले सिकाए,
स्वार्थ ठाउँमा होला तर निपुण बनाए ।

४८४

कर्म गर निरन्तर फल पाउँछ पक्कै,
पौरखी हातमा आउँछ हुनेगरि छक्कै ।

४८५

तिम्रो शब्द अरूलाई बन्छ भने ओखती,
आज हुन्न नभनी बोलिदेऊ पुग्ने जति ।

४८६

अचेल भेट्न गाह्रो हुन्छ त्यागी मान्छे यहाँ,
आवश्यकतामा खोजे पनि भेटिनु कहाँ ?

४८७

दत्तचित्त भएर सम्मान गरौँ जहिले,
आवश्यक कुरा सोधेमा सघाऔँ पहिले ।

४८८

एउटा पात्रो मात्र यहाँ फेरिएको हैन,
राम्रो काम सम्झनामा कहिल्यै मेटिँदैन ।

४८९

सही डोब पहिल्याउँदै बढौँ वेगसरि,
लक्ष्य उस्तै बोक्ने मान्छे कति छन् विश्वभरि ।

४९०

ह्याकुलोले हेप्यो, हेरेनौ आँखाको नानीले,
जे सजाय पाएका छौ तिम्रै आनीबानीले ।

४९१
नियन्त्रित भएछ भने दैनिकीको कक्ष,
सफलता पाउनुको महत्त्वपूर्ण पक्ष ।
४९२
मन्त्री मलाई चाहिन्न, नखेल भो दोहोरी,
लोकले जे भनोस् न विश्वासिलो मेरै छोरी ।
४९३
प्रकृतिमा अनुपम सुन्दरताको खानी,
विश्वभरि चिनाउँछु कति म भाग्यमानी !
४९४
सधैँ सफा वातावरण हेरिरहूँ लाग्ने,
मनोरम दृश्य देखेर भोग, निन्द्रा भाग्ने ।
४९५
आमा दर पकाउँछिन् दिदी लिन आएको,
खै, सुनेको बहिनी ? डाँडाबाट बोलाएको ।
४९६
भाँडाकुटी खेल्थ्यौँ हामी साक्षी राखी मामाको
जिते पनि हारिदिन्थ्यो गाली सम्झी आमाको
४९७
चरा मात्र उड्छ भन्थिस् यहाँ हेर मलाई,
मौका मिले आऊ, यता उडाउँछु तँलाई ।
४९८
स्वावलम्बन हुन सक्नु सबैभन्दा राम्रो,
दानसँगै सर्तले धरापमा देश हाम्रो ।
४९९
असल पथप्रदर्शक बालबालिकामा,
भोलि देश बनाउँछन् समयतालिकामा ।
५००
फूलबारीको फूलहरूमा एक कोपिला,
ती सन्तान मिठो जातको देशकै चिचिला ।

५०१

नजिकिँदै पर्व दसैं सहजतामा आओस्,
हिन्दुहरूको विश्वास भरिदिएर जावोस् ।

५०२

देखासिकी हुन्न, मनाऔँ गच्छेअनुसार,
पुस्ता हस्तान्तरण हुन्छ जोगाए संस्कार ।

५०३

जाइ कटक नगर्नू, झिकी कटक गर्नू,
राष्ट्रनिर्माताको यो भनाइमा भर पर्नू ।

५०४

जहिले कर्तव्य निष्ठा शान्ति कायम गर्न,
ऐन लागुसँगै पछि पर्दैन अघि सर्न ।

५०५

वर्षेपिच्छे अचानक बढिरहने खोला,
विद्यालय पोसाकमा कसरी तर्ने होला ?

५०६

थाहा छैन मलाई छ कि छैन सरकार,
बेला भएपछि तर्न हुनैपर्छ तयार ।

५०७

दसैं जस्तो हुनू, प्यारो तिहार जस्तै हुनू,
सद्भाव बोकी अँजुलीमा माया गर्दै छुनू ।

५०८

समाजमा हाम्रो गुरु मान्ने राम्रो संस्कार,
ओहदामा बसेपनि ढोग्न सधैँ तयार ।

५०९

शताब्दी फेरिएझैँ फेरिँदैछ यो जमाना,
इतिहास मेटिँदैछ राष्ट्रियताको पाना ।

५१०

सीता बने राम बन्छु मुना भए मदन,
प्रेमको गाथा कोर्नेछु हेर्दै तिम्रो वदन ।

५११
जाऊँ आमाको माया लाग्छ नजाऊँ घरको,
दोधारमा यता न उता भएँ नजरको ।
५१२
गति अति भएमा हुन्छ एकदिन खती,
हरेक चाल नियाल्दै सुधार्नु पर्छ मति ।
५१३
भन्छिन् उनी छोडेर नजाऊ मेरो खसम,
छोड्दिनँ म भन्छु सात जुनी खान्छु कसम ।
५१४
माला पहिऱ्याइदिने या गलहत्त्याउने,
राम्रो हेरौँ चारो फाल्दै फकाउँदै आउने ।
५१५
शिवजीको प्रसाद गाँजा, भाङ र धतुरो,
शिवरात्री पर्वमा नखाई सोच्छन् अपूरो ।
५१६
आफ्नो खुबीको विज्ञापन आफैँ गरौँ चर्चा,
त्यतिले भएन भने छापेरै बाँडौँ पर्चा ।
५१७
नारी घरकी लक्ष्मी सधैँ सबैको इज्जत,
सम्मान गरे घर उज्यालो बन्छ सतत ।
५१८
अनजानीको बोलावटले निन्द्रा बिग्रियो,
चलन हेर्दा निन्द्रासँगै सम्बन्ध थिग्रियो ।
५१९
नेताहरू सुध्रिएर देश बन्नु भनेको,
सूर्य हातले छेक्नु एउटै तारा गनेको ।
५२०
सदाको जस्तै नै नोटले भोट किन्नेलाई,
गाउँमा निषेध आलु भाउमा छिन्नेलाई ।

५२१

राजनीतिमा पेशाजस्तै भविष्य लेख्नेले,
सिन्को भाँच्दैनन्, धनको मुख मात्र देख्नेले ।

५२२

चौतारीको शीतल ताप्दै रेटियो सारङ्गी,
डाँफे नाच्यो फनफनी मयूर रङ्गीचङ्गी ।

५२३

नशामा फूलको सट्टा चढाउँछु जवानी,
चोखिन खोजे, तिमी हुन्छौ पहिले खरानी ।

५२४

अलिअलि गल्ती गर्छौ तिमी सबैको नेता,
तिम्रो आडमा बनाउँछन् कालो धन सेता ।

५२५

मानवजाति सबै हामी बनौँ शाकाहारी,
चितुवा, बाघ, गिद्ध, स्याल बनून् मांसाहारी ।

५२६

पातकी हुँदा नि पर्लौ कुनैदिन फेलामा,
त्यागकी पर्याय नारीलाई बुझौँ बेलामा ।

५२७

लुटेराले लुटेरालाई लुटोस् लुट्नुसम्म,
देशद्रोही हुन् देश लुट्ने थुनौँ ढोका ढम्म ।

५२८

पायौ भने पनि भाग्यमा दुइटी नलेख,
कलियुगमा गोपिनीको सपना नदेख ।

५२९

कलाकृति एक रूपमा अनेक भिन्नता,
यस्तो रङ्ग पोतियोस् दर्शक नहोस् खिन्नता ।

५३०

धार्मिक पर्व मान्नेहरू अधर्मी बनेर,
हरे ! तिथिमिति गनेका जो सीमा नाघेर ।

५३१

कमेरोले पोतिने घर बालुवाले पोत्छौ,
चाल पायौ तिम्रो जोताइ कुबेलामा जोत्छौ ।

५३२

प्लास्टिक फूलको हुने भए धार्मिक अर्थ,
मखमली, सयपत्री किन फुल्थे र व्यर्थ ?

५३३

गद्दार नेता चुनिनुको हो यो प्रतिफल,
भोट हाल्दा मतदाताले सोचौँ पल पल ।

५३४

पात्रो मात्र फेरिएको नहोस् यो नव वर्ष,
प्रगतिले भरिएको होस् स्मरणीय हर्ष ।

५३५

टुप्पोबाट पलाएथ्यो दम्भ अग्लिएछ,
आगोझैँ तिम्रो मन हिउँले पग्लिएछ ।

५३६

अहिले फाल्छु भन्छौ नि उता घरकीलाई,
म के गरूँ फेरि ताके अरू थरकीलाई ?

५३७

राजनीति अचेल नीति छोडी चल्छ राज,
के तान्दा तल झर्छ ? तान्ने हो नमानी लाज ।

५३८

माटोबिना अधुरो गारो बन्न एक ढुङ्गो,
सानोको तागत बुझ्छौ आफैँ बन्दा बिटुङ्गो ।

५३९

फलानोझैँ बन्छु हैन, पहिले मान्छे बन,
मेरो कुरा यो गलत लागे जे भन्छौ भन ।

५४०

मतदाताले मत नदिऔँ त्यस्ता मनोरोगी,
निधारको खरानी फाली आउला उही जोगी ।

५४१

बाध्यतामा परे होलान् कसैको होला रहर,
कहर फालिदिन्छु भन्ने पक्कै पुगे सहर ।

५४२

जिन्दाबाद र मुर्दावाद सक्ने जति चिच्याऊन्
पवित्र छ हाम्रो प्रीत गिज्याउनेले गिज्याऊन् ।

५४३

शिवजीले खाएका थिए गाँजा भाङ धतुरो
खाऔँ साथी पशुपतिमा बनिन्छ रे चतुरो ।

५४४

नाच्न जाँदा कुन ताल हो आफैँ विचार गरेस्
आकाश फर्की थुक्दा थुकले अभर नपरेस् ।

५४५

प्रयास निरन्तर जारी राखेस् हरतरह
सही लगानी गरेको मानिन्छ पास सरह ।

५४६

कोरोनाबाट छुट्टै रहौँ, बचाऔँ सबैलाई,
भाइरस हो यो जान्दैन को आफ्नो को पराई ।

५४७

बैगुनीलाई गुण लगाई मान्छे बनाउन,
नाटकीलाई साह्रै गाह्रो साँच्चिकै मनाउन ।

५४८

काग करायो आज बिहान केही हुन लाग्यो,
भूत सम्झी वर्तमानमा रुँदै भविष्य भाग्यो ।

५४९

जानै परे घर बाहिर मास्क लगाऔँ राम्रो,
ताजा खाऔँ तनावमुक्त सपरिवार हाम्रो ।

५५०

शान्ति फूल फुलाउने बुद्ध नै हुन् संसारमा,
गर्व लाग्छ नेपाली हूँ ज्ञानभूमि भण्डारमा ।

५५१
पशु एक प्राणी हो नदिऔं दुःख जानी-जानी,
आफैं पाल्ने आफैं ढाल्ने हामी कस्तो बेइमानी ?
५५२
मान्छेबाट गल्ती हुन्छ सच्याउने मान्छेबाटै,
सबै मिले बढ्छ पाइला नमिले बन्छ माटै ।
५५३
हरेक फूल फुल्ने बनोस् साझा एक बगान,
मगमगाउने बास्नाभित्र मेट्ने होस् थकान ।
५५४
सहिदको पसिना, रगत सिञ्चिएको देश,
जन्मसिद्ध गद्दी बस्ने फालिएको हो नरेश ।
५५५
वनभरि लालीगुराँस लेकमा फुल्यो बुकी,
न्याउली गाइन् विरहमा चखेवा लुकी लुकी ।
५५६
जिन्दगीको हिसाब गर्छु अपुग थपाएर,
दुखहरू घटाउँदै खुसी जति बढाएर ।
५५७
गरिब भए पनि चाडबाडमा मिठो चाख्न,
कसको बच्चा धेरै हुन्छ र, साहुकोमा राख्न !
५५८
करोडपति सडक पुगे बाढीको कारण,
खोला चाहिन्थ्यो रामजस्तो बनिदियो रावण ।
५५९
पीडित स्थानीयबासीलाई पेट पाल्न गाह्रो,
कोरोना महामारीमा झन् शोक, भोकले साह्रो ।
५६०
देखाएको भन्दा लुकाएको सुन्दरता राम्रो,
नाङ्गिने संस्कार बढ्यो अब समाजमा हाम्रो ।

५६१

जाँड-रक्सी सेवन गर्दा गाँजा, भाङ, धतुरो,
जोस आउँछ होस गुमाई ठोकिन्छ पुर्पुरो ।

५६२

आज त हाम्रो नेपालमा भन्छन् पन्ध्र असार,
खेतीपाती भन्दा धेरै हुन्छ अचेल प्रचार ।

५६३

गैरी खेत जोत्ने हलो बुवा बनाउन लागे,
छोरो दाँदे बिग्र्यो भन्दै बाजेसित हात मागे ।

५६४

हलगोरु दानापानी आमाले गरिन् व्यवस्था,
छोरीको जिम्मामा रोपाहारको बुझ्ने अवस्था ।

५६५

रोपाइँ पालो तोकिएको बाउसे जानुपर्ने,
मैझारो मेरो भयो अब सकेको उता गर्ने ।

५६६

रिमझिम वर्षा, रामरसमा हिलो छ्यापेर,
टोलमा खुसी बाँडे आज सबै काम सकेर ।

५६७

धानसँगै माया रोपौँ पटाहाले सम्म्याउँला,
रोपाहारमा तिमी आऊ बाउसे म आउँला ।

५६८

झ्याउरे लय घन्काउने हो असारे भाकामा,
पहिलो भेटमै दिल बस्यो बदामी आँखामा ।

५६९

फजुल सेवा सुविधा गर्दै माग्छन् अनुदान,
कमण्डलु बोकेर मागी-मागी थाप्छन् दोकान ।

५७०

कोरोनाको कहर अझै विश्व रोएको बेला,
हरामी नेता पछाडि जनता ठेलमठेला ।

५७१

सुत्नै लाग्दा सबैमा शुभ सपनीको कामना,
महत्त्वकाङ्क्षी पूरा हुने भइदिओस् लहना ।

५७२

मेहनत गर प्रतीक्षामा समय आउँछ,
चाहिँदैन भन्दा पनि फलले आफैँ धाउँछ ।

५७३

इतिहास छ भानुले प्रेरणा माने घाँसीको,
श्रीगणेश हुनु अहोभाग्य नेपाली भाषीको ।

५७४

बिहान उज्यालो हुन सदा उदाउँछ रवि,
नेपाली साहित्यका भानुभक्त हुन् आदिकवि ।

५७५

राष्ट्रिय विभूति हाम्रो हो भानुभक्त आचार्य,
साहित्य प्रेम गर्नेले सम्झना अपरिहार्य ।

५७६

संस्कृतमा वाल्मिकी हुन् हिन्दीमा तुलसीदास,
भगवान् रामको कीर्ति सारा चिनाउने खास ।

५७७

पिता धनञ्जय खरिदारको जागिर खान्थ्यो,
जता जाँदा नि हजुरबा श्रीकृष्णसँगै जान्थ्यो ।

५७८

दिमाग चलाएर बेला आयो हुने सचेत,
वर्षौं धकेलिन्छौँ अझै नै भयौँ भने अचेत ।

५७९

सकेसम्म ठाउँ खोज्छन् देशभित्र केही गर्न,
युवाशक्ति बिदेसिन्छन् भविष्यको रङ्ग भर्न ।

५८०

चलेको शिक्षा दिनै पर्यो त्यसमा लुगाफाटो,
पारिवारिक खुसी किन्न रोज्छन् खाडीको बाटो ।

५८१

वर्षभरिको साउन महिना खास नारीमा,
छनछन चुरा राम्रा देखिन्छन् झनै सारीमा ।

५८२

एक छाक मासु चाहिएको हो या त विकास,
जनताको हातमा छ महत्त्वपूर्ण निकास ।

५८३

काम हैन, नाम चाहिनेसुन्दा मात्रै गजब,
चालामाला हेर्दा त भातै खान्छन ? जस्तै अजब ।

५८४

राम्रो संस्कार जे-जे सिक्यौँ सानालाई सिकाऔँ
गुरु-चेला चोखो सम्बन्ध युगौँसम्म टिकाऔँ ।

५८५

हरेक काम बिग्रनुमा अहम् बन्छ कारण,
सानो या ठुलोको राम्रो सल्लाह गरौँ धारण ।

५८६

दुख लाग्छ दिनानुदिन हेर्दा हाम्रो संस्कार,
आस गरेको ठालुहरू भएपछि लाचार ।

५८७

म त जित्नैपर्ने भावना तिमी पनि नहार्ने,
नराम्रो हो बानी एक पाइला पछि नसार्ने ।

५८८

श्रम गर्छु र मूल्य देऊ बस्छ कान थुनेर,
खुट्टा ढोग्छ हाम्रो पठाउने बेलामा चुनेर ।

५८९

सग्लो युवा अक्सर वैदेशिक रोजगारीमा,
अक्षर कन्दै पस्छन् राजनैतिक छहारीमा ।

५९०

खोके, भुके जसो गरे पनि बज्छ ताली पर्र,
प्रायः सबै भागबण्डमा गरिरहन्छन् डर्र ।

५९१ (कृतिकार)
शिक्षा पूरा स्नातक अङ्ग्रेजी विषय लिएर,
जापान जानु पूर्व गाउँ बसेँ शिक्षा दिएर ।
५९२
विभिन्न भाषा, जाति, धर्म हाम्रो देशको पेवा,
भेट हुँदा वा छुट्दा मेरो भाषामा भन्छौँ सेवा ।
५९३
कुनै फिक्री छैन मलाई दक्षिण बाँचुन्जेल,
फनफनी घुमाउने हो जीवन रहुन्जेल ।
५९४
नीति छ रोजगारीको कार्यान्वयन हुँदैन,
ठुलाले कुम्ल्याए देशमा कानुनले छुँदैन ।
५९५
जन्मँदै पूर्ण भएको मान्छे हुन्न संसारमा,
छानिन्छ एक प्रयासरत लाखौँ हजारमा ।
५९६
श्रीगणेश गर्ने हर कामको सही समय,
गलत थालनीमा काम बिग्रन्छन् कतिपय ।
५९७
चकमन्न अँध्यारो हटाई उज्यालो ल्याउँछ,
शीतको थोपा सूर्य किरण ल्याई धपाउँछ ।
५९८
भगवान्ले दिएको हात खुट्टा छ हतियार,
तिनै सही प्रयोग गरी पक्का जित्छौँ संसार ।
५९९
बेफिक्री तिम्रो रूप र घरायसी व्यवहार,
मेरो लागि बन्छ अवश्य अमूल्य उपहार ।
६००
राजनीतिमा यसरी बढेछन् कि व्यभिचारी,
एकाध बाहेक भन्छन् आफैँ म हूँ क्रान्तिकारी ।

६०१

नेपालीको पुर्पुरोमा एउटै ड्याङका मुला,
घुमिफिरी ठोकिन आउँछन् सहूँला, बुझूँला ।

६०२

सरकारले तोकेको पाइन्छ, हुन्छ आम्दानी,
विदेश जान्छन् बनाउन सन्तान भाग्यमानी ।

६०३

सबै प्रकृति घर मान्ने यिनी बिचराहरू,
चराप्रेमी बनाउँछन् मूर्ति चरासँगै तरु ।

६०४

घर, थर दिन्छु सबै धन तिम्रै विश्वासमा,
सट्टामा बसेको छु अमर मायाको आसमा ।

६०५

संसारको उत्कृष्ट एकमात्र हुन् कर्म दिने,
बुवा न शर्त न त स्वार्थ सुरक्षा जिम्मा लिने ।

६०६

ताते पाइला चाल्दा कहानी कथ्ने पूरा जुनी,
कखरा सिक्दा खुसी हुने आमापछि हुन् उनी ।

६०७

पोहोर साल कोरोनाले भेट गर्न दिएन,
यो पालि त मन मानेन केही डर थिएन ।

६०८

आमा जस्तै माया गर्थ्यो बिझाइ गरेमा गाली,
सानो मात्रै सफलता पाए औधी दिन्थ्यो ताली ।

६०९

सुनेको हौला किराले मात्र गर्छन् टोकाटोक,
तर तिमी टोकेसँगै चलाउँछौ ठोकाठोक ।

६१०

लम्बाइ र चौडाइ सोच्नै पर्दैन केही अरू,
दूरदृष्टि बुझ्नैपर्छ भत्ता खाने ठालुहरू !

६११
वास्तु शिल्पशास्त्रलाई दुई भागमा बाँडिन्छ,
एक देवशिल्प अर्को मानवशिल्प भनिन्छ ।
६१२
अपरिचितले भुलाए पनि आफ्नो नभुलून्,
पारिवारिक सम्बन्ध त्यागेर कतै नडुलून् ।
६१३
बोट जोगाउन भूमिका खेल्ने काँडा हो खास,
फूल मात्रै देख्नेले कहाँ पो गर्छन् र विश्वास ?
६१४
अँजुलीमा चन्द्र खेलाउँछु हेर्छौ भने हेर,
तिम्रो लागि रोकिदिन्छु सूर्य पनि एकफेर ।
६१५
'प्रहरी मेरो साथी' राम्रो एउटा छ भनाइ,
आफ्नो घरभन्दा पहिले बस्छन् देश बनाइ ।
६१६
भोकभन्दा भोजन मिठो ओछ्यानभन्दा निन्द्रा,
बराहरू ! सुख सयलझैँ स्वर्ग मान्छन् बिन्द्रा ।
६१७
घर, आँगनमा आइसक्यो महान् पर्व दसैँ,
हुने पाउनेको रमाइलो गरिबको बसैँ ।
६१८
फलफूल, सब्जी स्वस्थ खाऔँ सबै खानेकुरा,
ज्यान तन्दुरुस्त भएमा सपना हुन्छ पूरा ।
६१९
चर्को रूप घरायसी होस् या त बाह्य झगडा,
मिलाउन राष्ट्र संघले खटाउँछ अखडा ।
६२०
फरक हुन्छ रहरले या बाध्यताले चढ्न,
रहरे रम्न तर्छन्, बाध्यताकाले अघि बढ्न ।

६२१

सत्ता, भत्ता सोच्नेहरू सधैँ कुर्सी वरिपरि,
राजनीतिमा बियाँ र घुन सबै सरोबरी ।

६२२

उसैगरी निरन्तर गर्छन् सधैँ चोचोमोचो,
काम मिलेपछि होचोको मुखमा भोस्छन् घोचो ।

६२३

द्रौपदी बन कसैले भने बन्नुपर्छ मुना,
मदन उतै मऱ्यो भन्दै लाउन खोजे टुना ।

६२४

पाइला गन्दै हिँडून् सही डोबमा सधैँभरि,
अनगिन्ती वर्षहरू आइरहून् यसैगरी ।

६२५

पिण्ड दिने चाहिन्छ भनी जन्माएका छोराले,
सही र गलत छुटाएन दिमाग कोराले ।

६२६

लक्ष्मण रेखा कोर्दिनँ पतिव्रता आफैँ बन,
समाजमा धेरै छन् रावणहरू आए, भन ।

६२७

बोली सुन्दा ठिक लाग्छ, बानी देख्दा घुसघुसे,
केही आशा थियो तर व्यवहार फासफुसे ।

६२८

त्यसरी मिठो हुन्छ गुन्द्रुक, सिन्की खाँदिएको,
जसरी व्यक्ति राम्रो अनुभवले खारिएको ।

६२९

असार पन्ध्र दही चिउरा खाने दिन हाम्रो,
समाजमा दही  चिउरे बन्नु साह्रै नराम्रो ।

६३०

नेपाल नेपालीको उन्मुक्तिको प्रमुख सूत्र,
अमर रहून् इतिहासमा ती चार सुपुत्र ।

६३१

कहिल्यै पर्न दिन्न कसैको तिमीमाथि छाया,
माया देखाऊ त भन्छौ नि त्यही हैन र माया !

६३२

जान्ने मै हूँ भावना छ एउटा गलत अहम्,
नाफाभन्दा नोक्सान धेरै हिसाब गर स्वयम् ।

६३३

आफू खुसी गर्नेहरू धोका खान्छन् एकदिन,
बेला अघि बढिसक्छ माफ हुन्न एकछिन ।

६३४

जत्रो पहरा या त विशाल ढुङ्गा भएपनि,
यात्रा निरन्तर रहन्छ  भाग्य भरोसा बनी ।

६३५

दुनियाँमा सबै दुखी कारण फरक होला,
यता मेरो उता पनि खोज्दा-खोज्दै उठ्छ चोला ।

६३६

कसैमाथि नचढेको उनको मात्रै जवानी,
सम्हालिन नसकेमा होला है फेरि खरानी ।

६३७

असक्षम नेताले बिगबिगी बेरोजगार,
युवा खाडी पठाएर कमाउने हतियार ।

६३८

भाग्यमानी आफू आफैँ राम्रो सोच एकफेर,
राम्रो विश्वास नभए अगाडिको ऐना हेर ।

६३९

देशको माया कति छ मिल्ने भए देखाउँथेँ,
गिनिज बुकमा लेख्न मिले नाम लेखाउँथेँ ।

६४०

बच्चालाई भुलाउन आमाले गाए जस्तै लोरी,
ए, ठालु ! चोक-चोकमा कति सुनाउँछौ दोहोरी ।

६४१

उधारो बन्द साहिँलो-भाई, हाताहाती माग्नले
देश डुब्यो जेठो-दाई चाहिँ बैठकमा भाग्नले ।

६४२

तुलोमा जोखौँ सबै नेता को-को पाचक घातक
संसद मञ्चन सकेर थाले सडक नाटक ।

६४३

राज्यकोष दोहन गर्ने भ्रष्टाचारीहरूलाई,
फाँसी देऊ ! दिनदहाडै बलात्कारीहरूलाई ।

६४४

बालबालिकाको अक्षर चिन्ने शुभारम्भ दिन,
विद्याकी देवी सरस्वतीलाई पुजौँ एकछिन ।

६४५

ताजा याद छ आमाले थालेको त्यो मेरो कखरा
पक्का त्यही कमालले आज शैक्षिक हराभरा ।

६४६

सेतो फूल चढाई खुसी पारौँ सरस्वती माता
नयाँ पाइला अठोटको आज खोलौँ बहीखाता

६४७

भन्न त भन्छन् सबैले जनताको लागि लडेको
पहिचान मुद्धा लात्ती हान्दै कुर्सीतिर बढेको।

६४८

हे परमात्मा ! तिमी मात्र छौ सुन्ने हाम्रो गथासो
फटाहा बाँकी छन् यमराजमा पुऱ्याऊ गुनासो ।

६४९

रामका हनुमानझैँ धेरै छन् अहिले नेताका,
अलिक भेटिए कालो मनका कम छन् सेताका ।

६५०

अर्काको फेरो समातेर सकेसम्म भुकेपनि,
भएको आकार बढ्दैन बरु घट्छ फुकेपनि ।

६५१

फूल त बरु ओइलिभर्छ तिमी मेरो अमर,
गृहिणी भई ढाडस दिन्छौ ती सुखद खबर ।

६५२

घामपानी नभनी सन्तानको लागि बिताउने,
आमा नै देवी हुन् हरबखत भलो चिताउने ।

६५३

फूलसँग त कहिले जूनसँग दाँजें जीवन,
इन्द्रेणीभैँ आफैँभित्र रङ्गीन भेटेँ आफ्नोपन ।

६५४

सुन्दरताको खानी देश यहीँ छ सगरमाथा,
विश्व सामु परिचित सुन्दर गोरखाली गाथा ।

६५५

अबुझलाई बुझाउन बुझ्नेलाई मनाउन,
विचार गर्नै पर्छ आफन्त हूँ भनी जनाउन ।

६५६

गणतन्त्र देशमा आयो एउटा राजा फालेर,
थुप्रै राजाहरू सतहमा आए मुख बाएर ।

६५७

जनतामाभ फलाम देखाई आफू हिरा लाने,
तानिँदै गरेको डोरीले हेरौँ अब जेल जाने ।

६५८

याद आउँछ पैसा नपाउने उखु किसानको,
कठै, मेरो देश ! खेतमा नपुग्ने मल धानको ।

६५९

आसेपासेमा घुमाउँछन् कुर्सी घुम्ने खेलजस्तै,
सकिएपछि चुनाव फेरि बन्छन् जस्ताको त्यस्तै ।

६६०

दश वर्ष हड्डी घोट्यो ऋण अभै जस्ताको तस्तै,
सावाँ बाँकी ब्याज छिन्यो रे साहु त शोषक जस्तै ।

६६१

असारमा धान रोपेर मङ्सिरमा उठाउने,
गाउँघरमा पर्मपात गर्दै बाली भित्र्याउने ।

६६२

भरिया बिर्खेले पिउन जहिल्यै आउँछ पुर्ने,
पाएसम्म खुसी मनाउन त्यो दिन किन कुर्ने ?

६६३

विषादीरहित खान्छन् र बन्छन् प्राय हृष्टपुष्ट,
विश्वाससँगै व्यवहार गर्छन् कोही हुन्नन् दुष्ट ।

६६४

लुछिराख है बाँचुन्जेल न अघाउँन्जेल टम्म,
मरे कसले दिन्छ कुर्सी तिम्रा छोरा, नातिसम्म ।

६६५

विकसित देशमा घुम्छन्, हेर्छन् भव्य संरचना,
नेता देश फर्किने बित्तिकै सारा भुल्छन् योजना ।

६६६

यो दुनियाँमा सबैलाई समान छ अधिकार,
निर्माण गरौँ बिनाभेदभाव असल विचार ।

६६७

भानुभक्त र घाँसीको सम्झनारूपी छ सालिक,
सम्पत्ति हुन्, संरक्षण गरौँ सबै हामी मालिक ।

६६८

अब युवा जागिसके तिम्रो जवान काम छैन,
छक्कापन्जा गर्दै बल खोसे नि दीर्घायुको हैन ।

६६९

बेवास्ता गरे ठुलो रूप लिन सक्छ याद गरौँ,
आफ्नो ज्यानको माया गरी जीवनमा रङ्ग भरौँ ।

६७०

पहिलो भेट थियो हाम्रो सोमबारे बजारमा,
चिनापर्ची धेरै मध्ये रोजेँ हजार-हजारमा ।

६७१

फर्केपछि थाहा भयो तिमीले पनि माया गर्छौ,
लाग्थ्यो मलाई पहिलो फोनमै किन रङ्ग भर्छौ ?

६७२

जनसङ्ख्या नेपालको लगभग तीन करोड,
सारा नेपाली सुखी हुन लागिपर्छन् जोडतोड ।

६७३

गाउँ सहर सबैतिर जनसङ्ख्या छ बढेको,
आम्दानीभन्दा हरेक सामान मूल्य झन् चढेको ।

६७४

एउटा सुन्दर रोग हो यो बन्ने लक्षण नेता,
हिसाब नजानी कालो धन पार्छन् खर्लप्पै सेता ।

६७५

छक्क लाग्छ सबै-सबै दुनो सोझ्याउनमा व्यस्त,
ठालुहरू प्राय चाल्छन् मिल्ने गरी नै बन्दोबस्त ।

६७६

हिन्दु नारी विशेषगरी बनाउँछन् यादगार,
पूजापाठमा विश्वास गर्छन् साउने सोमबार ।

६७७

व्रत बसेर श्रीमान् सधैँ स्वस्थ दीर्घायु होस् माग्छन्,
माया गर्ने शिवझैँ श्रीमान् पाउने चाहमा लाग्छन् ।

६७८

महादेवको तीन नेत्र खुल्छ भन्छन् धन देखे,
चाहको कुरा पाउँदो हो सायद भाग्यमा लेखे ।

६७९

एकले अर्को नटेर्ने भए पनि सँगै बसाइ,
यही होला राजनीति भन्न त भन्छन् साथीभाइ ।

६८०

अहङ्कारी एक नम्बरको अर्को चुइयाँ लोभी,
कुरा बुझ्न गाह्रो खापैखाप भो जस्तै बन्दागोभी ।

६८१
मरिमेट्छन् मान्छेहरू कमाउन धन र मान,
आर्यघाटमा पुगेपछि रहन्न नामोनिसान ।
६८२
हाम्रो देशमा विकासको भाँडो वरिपरि घेर्छन्,
समृद्ध देशमा परबाट प्रणाली मात्र हेर्छन् ।
६८३
एउटा राम्रो नारा छ क्यारे 'प्रहरी मेरो साथी',
सडक र यात्रु सुरक्षा नीति बोक्छन् शिरमाथि ।
६८४
वर्षभरि हात मुख जोड्न सकूँ मेरो चाहना,
सबैमा आज खिर खाने दिनको शुभकामना ।
६८५ (कृतिकार)
सात वर्ष शिक्षक नाता विद्यालयमा जोडेको,
सातै वर्ष भएछ सुन्दर मातृभूमि छोडेको ।
६८६
शिशुका आमाले स्तनपान गराऔँ अनिवार्य,
शरीर वृद्धि पर्याप्त भिटामिन अपरिहार्य ।
६८७
नेपालीको कुशलताले धेरै देश धनी भए,
अधिकार स्थापित नहुँदा गुलामी बन्न गए।
६८८
देशमा विकासको युवा शक्ति हुन् मुल आधार,
मौलिक हक सुनिश्चित भए हुन्थ्यो सरकार !
६८९
'घोडा चढ्ने मान्छे लड्छ' भन्ने एउटा छ उखान,
चढ्ने लड्छ, फेरि चढी पहिल्याउँछन् पहिचान ।
६९०
नाग चित्र दैलोमा टाँस्नाले सर्पको भय हट्छ,
धार्मिक विश्वास जनमानसमा खतरा घट्छ ।

६९१

एक दुईजना बलात्कारीलाई चढाए फाँसी,
छोरो जोगिएर घर फर्किन्छ आफै हाँसी हाँसी ।

६९२

मरणोपरान्त बाँच्छन् ती भए राम्रो आनीबानी,
सदाचारी सबैको प्यारो बन्छ बिना आनाकानी ।

६९३

हराउन दुष्ट रिखी डोरो अस्त्र बाँध्छन् हातमा
दाजु-बहिनी इन्द्र, बृहस्पतिझैँ हुन्छन् साथमा ।

६९४

मेरो विचारमा हतियारभन्दा कलम ठुलो,
ठुलाबडाले लेखेरै सानालाई पार्छन् बिटुलो ।

६९५

मकै, कोदो, फापर, गहुँ, दाल खान्छ जे जे दियो,
ढुङ्गे यन्त्र गाउँको अचेल फोटो मात्र देखियो ।

६९६

स्वदेशमा नेपाली बोल्छौँ विदेशमा पाउँदैनौँ,
दौरा-सुरुवाल धेरै राम्रो उता लगाउँदैनौँ ।

६९७

गुलाम बन्ने हो नि त्यहाँ कुदाउँछ समयले,
गर्न नसकी आधाबिचमा छोड्छन् कतिपयले ।

६९८

विद्याबुद्धिमा समृद्धि र प्रगतिको चाहना,
गायन्त्रीमन्त्रद्वारा सूर्यदेवको उपासना ।

६९९

द्वापर युगमा बढेका असत्य र पापाचार,
निर्मूल पार्न जन्मेका बिष्णुका आठौँ अवतार ।

७००

मानव जीवनमा प्रभाव पार्ने प्रमुख तत्त्व,
दुःख पाइन्छ बुझिएन भने यसको महत्त्व ।

७०१

वर्षैपिच्छे आउने तिज वर्षैभरि भइदिए,
दिदीभाइ गफिन मिल्थ्यो समय ठिङ्ग उभिए ।

७०२

फलामसँग हिरा साट्ने साम्राज्यवादीको दाउ,
मोलमोलाइमा आएकीले छुनै खोज्दैछिन् पाउ ।

७०३

आज बालक भोलि ठुलो भविष्यको कर्णधार,
रानोझैँ नेतृत्त्व भए सुन्दर बन्छ आफैँ घार ।

७०४

आजको काम आजै गरौँ भोलि आउँछ,आउन्न,
आफ्नो अनुकूल अरूले गीत गाउँछ,गाउन्न ।

७०५

वास्तुशास्त्र महत्त्वपूर्ण एक प्राचीन विज्ञान,
यजुर्वेदको अध्यायमा शिल्पशास्त्रको बयान ।

७०६

सत्ताको कुर्सी काँडैकाँडा भए को-को बस्थे होलान ?
बस्नै परे राजनीतिबाट सायद हात धोलान् ।

७०७

हजारौँको त्याग, तपस्या, पसिना र बलिदान
चाहना सङ्घिय गणतन्त्र र बन्यो पहिचान ।

७०८

रारा, फेवा, तिलिचो लोभलाग्दा छन् सगरमाथा,
बाहृय पर्यटक तानिन्छन् सुनेर गोर्खाली गाथा ।

७०९

आमाको नाममा आएको पत्र छोरोले खोलेछ,
परदेशी बुवाको पत्र हो आमालाई पोलेछ ।

७१०

प्यारका साथ बाँचेकाको निमेषमा उठ्छ चोला,
दर्दनाक दृष्य देखेर कस्को मन रुन्न होला ?

७११
ल्हासाको सुनको पोको छोडेर आए हुन्छ राजा,
बाँझो खेतमा सब्जी फलाई सँगै खाउँला ताजा ।
७१२
एउटा फूल चयन गर्न हामी दुई बागमा,
हाम्रो संसार आफैं बनाऔं मिठो धुन रागमा ।
७१३
काम बने राम भन्छन्, नबने विभीषण बन्ने,
दोहोरो चरित्र देखाइ हाल्छन् गन्नेमान्ने भन्ने ।
७१४
नदी हेरेँ दाँजेँ जीवन कहिले बगरसित,
जस्तो हेराइ त्यस्तै दृश्य थाहा पाएँ मेरो मित ।
७१५
कामबिनाको नाम चाहिन्छ कामबिनाको दाम,
तिमीलाई म के भनूँ, राम सोच्छु बन्छौ हराम ।
७१६
तिम्रो हाँसो मेरो खुसी अजम्बरी बनाइराखौं,
आमाबुवाका आशीर्वाद शिरमा सजाइराखौं ।
७१७
हावापानी र समाज यही पाउनै पर्यो ताली,
अर्काको खुट्टा नतानेर कसरी बन्छु नेपाली ?
७१८
मिलीजुली यिनीहरू खेलिरहन्छन् सधैं खेल,
जनता मिली नधपाउञ्जेल गर्छन् जालझेल ।
७१९
जीवित प्राणी बाँच्नलाई चाहिएको छ आधार,
सरस्वती माता फिँजाइदेऊ ज्ञानको भण्डार ।
७२०
दुध पिऔं, दही खाऔं मन भए दुहुनो पालौं,
नपाले पनि खाइन्छ क्यारे पालेको गाई फालौं ।

७२१

सोत्तर फाल्दा हात गनाउछ केले ? गन्ध धुने,
बाजे, बुवा सित्तैमा खाए म किन अछुत हुने ?

७२२

मलाई  मज्जा तब छ मौकामा नुन, चुक हाल्दा,
ननिको लाग्छ खत उप्काई तिमीले काम थाल्दा ।

७२३

आफ्नो देशै बिर्से, नुन खुवाउनेको पछि लाग्दा,
अब चाल पाउलान् गाउँ सहरमा भोट माग्दा ।

७२४

कार्यकाल सकिएपछि घरदैलोमा आउलास्,
फेरि यो पल्ट पनि जिताइदेऊ भन्दै धाउलास् ।

७२५

घडीको सुई घुमेपछि फर्कँदैन त्यही बाजी,
भाग्य बनाउने आफ्नै हात पाजी हुने कि काजी ।

७२६

फागु पूर्णे पनि भनिन्छ पञ्चाङ्गको होलीलाई,
सांस्कृतिक पर्व मनाउँछन् साथीसङ्गी रमाई ।

७२७

भमराझैँ भुँभुँ गर्ने सबै हटाऊ वरिपरि,
कुर्सी लोभको दाग लाग्यो सफा गर घरी घरी ।

७२८

देश गरिब हैन, हाम्रा नेताहरू हुन् गरिब,
सम्पत्ति कुम्लाइसके,मानसिक रोगी करिब ।

७२९

म सक्दिन कि भन्दै डगमगाउनु राम्रो हैन,
हर चिज पूर्ण भएको दुनियाँमा कोही छैन ।

७३०

बाँसुरीको सुरिलो धुन दमाहा बज्यो गजाले,
ट्याम्को खुसीले नाचेछ नरसिङ्गा घन्क्यो मजाले ।

७३१

सार्वभौमसत्ता हातमा लिए सारा जनताले,
समृद्ध देश बन्नेमा मत पाएन  एकताले ।

७३२

एकजनाको सनकले देश विकास धकेलियो,
डाडु पन्यु चलाउनु पर्नेमा भाँडो घोप्टाइदियो ।

७३३

यता सुन्दा ऊ दलाल, उसले भन्छ यता दलाल,
जनताले खोज्छ अब यो क-कसको कुटिल चाल ।

७३४

प्रकृतिको पुजारी भई प्राय जान्छन् चण्डीथान,
भाकल पूरा गरी पाएको ठान्छन् जीवनदान ।

७३५

वर्ष दिनमा मनाउने उँधौली र उँभौली पर्व,
राई जातिको समुदायमा सिँगारियो एक गर्व ।

७३६

आफ्नो मौलिक भेषभुषामा सबै मिली चण्डी नाच्छन्,
ढोल, झ्याम्टा बजाउँदै रामरसमा कम्मर भाँच्छन् ।

७३७

नियतानुसार नियम बनाई राज गर्नेहरू,
नैतिक पतन भएपछि बाँकी केही छ र अरू !

७३८

आमाको दाइजो सम्झन्छन् बुबाको बिर्ता घरी घरी,
घुमिरहन्छन् बेवकुफ भई जहिले वरिपरि ।

७३९

कखरा गर्न जाने उमेरमा जुठो भाँडो माझ्दैछ,
दुःखी परिवारमा किन जन्मे मनसँगै बाझ्दैछ ।

७४०

हेलम्बु प्रभावित क्षेत्र मेलम्ची र पाँचपोखरी,
डामाडोल बन्यो गाउँले जीवन होस् या त सहरी ।

७४१

बालुवा चाल्यो, ढुङ्गा बेच्यो सबै नदी छेउछाउमा,
रुख चढ्ने बाँदरको लिस्नु राखिदिएझैं पाउमा ।

७४२

जलवायु परिवर्तनले जे हुन सक्छ जहिले,
विषयविज्ञ बोलाई सल्लाह माग्नु पर्छ अहिले ।

७४३

एउटा रुख काट्दा दुईवटा बिरुवा रोप्दा राम्रो,
पानी स्वच्छ अक्सिजन पाउँछौ दीर्घायु बन्छ हाम्रो ।

७४४

अक्षरको बोली हुन्न तर शक्ति भने कडा हुन्छ,
सही ठाउँमा प्रयोग भए धरती गगन छुन्छ ।

७४५

उता विकास बाह्रै महिना हुन्छ यता असारमा,
कमिसनको मोलतोल काम लतारपतारमा ।

७४६

एउटा मुख थुनिदिँदैमा बन्द हुन्छ र आवाज !
बोल्नेभन्दा पनि थुन्नेलाई पो लाग्नुपर्ने हो लाज।

७४७

बल्ल मह भेटेको थिएँ चाट्न दिएनन् धकेलेर,
कसले भन्यो देशभक्तिलाई लोभ हुन्न भनेर ?

७४८

विश्वमा डर अझै बाँकी छ कोरोनाको महामारी,
सचेत बनौँ, सचेतना फैलाऔँ राम्रो जानकारी ।

७४९

कहिले आउला त्यो दिन आफ्नो सपना आफैँ छुने,
जनसङ्ख्या बढे के भो कम्पनीमा सधैँ व्यस्त हुने !

७५०

देशको मुहार फेर्न जरुर युवा शक्ति चाहिन्छ,
गलत शासक हुँदासम्म युवा अलग पारिन्छ ।

७५१

विवाहित महिला व्रत बस्छन् आफ्नो पतिको लागि,
अविवाहित व्रत बस्छन् पार्वतीकोझैँ शिव मागी ।

७५२

साउन महिना महत्त्वपूर्ण धार्मिक हिसाबले,
महादेव दर्शन गर्न छेक्दैन धन-अभावले ।

७५३

सबैको मनमा लोभ हुन्छ र हुनसक्छ फरक,
जानुपर्छ भन्छन् कर्मानुसार स्वर्ग कोही नरक ।

७५४

साँच्चिकै दुखीलाई दिने हो सुखी आफैँ कमाउँछ,
जब धर्मी बन्न मान्छे किन देवता पुज्न धाउँछ ?

७५५

पार्टी, झण्डा मतलब नहोस् व्यवस्थाले राम्रो बनोस्,
पीडैपीडा महामारीमा हाम्रो सरकार छ भनोस् ।

७५६

बोल्नु र गर्नु अन्तर कुरा हो सबैले पाए थाहा,
अब कम बोल्ने, धेरै गर्ने चुन्ने जनताको चाहा ।

७५७

सिद्धान्त भन्दा नेता पछ्याउँदा मिल्छ छिटो फाइदा,
लोभी, पापी प्रायः सबै अपनाउँछन् सोही काइदा ।

७५८

जन्मेदेखि नमरुञ्जेल सबै गुरु हुन् सिकाउने,
श्रद्धा गर्छु सहज जिउन बाटो सधैँ देखाउने ।

७५९

राजनीतिभित्र अयोग्य हुन्नन् कपाल फुलेपनि,
विकासप्रेमी प्रतिनिधि जनतामाझ डुलेपनि ।

७६०

मिठोमिठो मिलाएर पकाएपछि झन् मिठो खिर,
आहा ! खिरजस्तै बने दैनिकी किन लिनु र पिर !

७६१

पद, शक्ति पाउन सरकार आफैँ बन्छ र ढल्छ,
गरिबको चुलो स्थायी रूपमा कहिलेदेखि बल्छ ?

७६२

याचना गर्नेलाई दिऊँ रक्त समूह मिल्छ भने,
असाध्यै सुन्दर समाज बन्थ्यो त्यस्तो संस्कार बने ।

७६३

मुखले नाकलाई थर्कायो जहिल्यै सिँगान झार्छस्,
तिमीले पनि त तिम्रो थुकले कति कोरोना सार्छस् ।

७६४

श्रीमतीले सुनाएपछि छोरो आउने दिन गन्छ,
सारा युवाले सिँगार्ने हो भने नेपाल स्वर्ग बन्छ ।

७६५

काम सारा गरे सरकार विकासतिर लम्किन्थ्यो,
विषयविज्ञ नेतृत्वमा आए अहोभाग्य चम्किन्थ्यो ।

७६६

सुनौलो बिहानले देखाउँछ त्यो दिन जस्तो हुन्छ,
लम्किरहने पाइलाले अवश्य सफलता छुन्छ ।

७६७

स्वामी नागहरू देवता हुन् भूमिमा बस्न चाहन्छन्,
नाग  पञ्चमीको दिन खनजोत गर्नु हुन्न भन्छन् ।

७६८

गाईजात्रालाई नेपाल भाषामा 'सापारु' भनिन्छ,
'सा'को अर्थ 'गाई' र 'पारु' भन्दा 'प्रतिपदा' बुझिन्छ ।

७६९

मनोरञ्जन मान्दै अचेल झुम्छन्, हेर्छन् सबै झाँकी,
नेवार बस्ती भएको ठाउँमा नमान्ने छैनन् बाँकी ।

७७०

सडकमाथि धान रोप्दै भोलिपल्ट गाईजात्राको,
नगरभरि रोपाइँ जात्रा देखाउँदै गर्छन् यात्रा ।

७७१

हास्य व्यङ्ग्यात्मक शैलीमा नाच्दै, गाउँदै रोप्छन् धान,
नेवारी समाज लाग्छन् जोगाउन आफ्नो पहिचान ।

७७२

आफूभन्दा अरूको सेवामा चौबिस घण्टा तल्लीन,
स्वास्थ्य मापदण्ड पालनामा राम्रो सोचौं एकछिन ।

७७३

द्वापर युगको पिता वसुदेव, माता देवकीका,
श्रीकृष्ण भगवान् विश्वास हुन् हिन्दु धर्मावलम्बीका ।

७७४

सूर्यनारायण पूजा गर्ने रवि सप्तमीको दिन,
रोग तथा शोक हरण होस् बनी पुजौं एकछिन ।

७७५

हिन्दु नारीका हरितालिका तिजको अघिल्लो दिन,
मिठा परिकार छोरीबेटीसँगै खाने एक छिन ।

७७६

तिजको दिन निराहार बस्छन्, गर्छन् मनोरञ्जन,
व्रत बस्दा शक्ति प्राप्तिका लागि दर खाने चलन ।

७७७

जूनकिरीमा जून हेर्दै कल्पिन्छौं भविष्यको कान्ति,
पूजापाठमा दैनिक हुन्छौं मनमा ल्याउन शान्ति ।

७७८

सर्त सबै अध्ययन गरौं, पैसा मात्र ठुलो हैन,
अस्तित्व नै लिलाम गरे पछिको बोली अर्थ छैन ।

७७९

आफू सवार फलामजन्य सबै सवारी साधन,
महान् चाडझैं लाग्नेगरि बढेको छ पुज्ने चलन ।

७८०

आफ्नो स्वार्थ, सर्त पूर्ति गर्ने भाँडो मात्र देख्नलाई,
अनिवार्य बसाऔं र सत्ता दिऔं नाम लेख्नेलाई ।

७८१

सामाजिक प्राणी मान्छेलाई आणविक हतियार,
के काम विनाशकारी मात्र निम्ताउँछ बारबार !

७८२

सचेत हुन जरुर छ बच्चादेखि सबै वर्गमा,
व्यवस्थापन नभए पुऱ्याउँछ स्वर्ग कि नर्कमा ।

७८३

कर्तव्य सरकारको भए नि भूमिका जनताको,
नरसंहारबाट जोगिने सायद चाह साराको ।

७८४

आश्विन शुक्ल प्रतिपदा तिथि आज घटस्थापना,
नवदुर्गा मध्ये पहिलो शैलपुत्रीको आराधना ।

७८५

हेर्दा मात्रै पनि आँखाहरू रमाउँछन् आनन्दमा,
साहित्यमा कवि कविता लेख्छ छन्दकवि छन्दमा ।

७८६

गल्ती, कमजोरी केही छैन उहीमाथि जाइलाग्यो,
मायाप्रेमले बसेकोमा दिनदशा यो आइलाग्यो ।

७८७

मदन जस्तै धन कमाइ आऊ पर्खूँला नि प्यारा,
गाउँघरमा सोधिरहेछन् चुप बसाएँ म सारा ।

७८८

कृष्ण मलाई मन पर्दैन नि बनेको राम्रो राम,
विपनामा भनेकै हो सपनीमा देख्छु तिम्रै नाम ।

७८९

देशविकासमा लाग भनी चुन्यौँ राजनेताहरू,
लाज लाग्छ हेर्नेलाई कुकुरले हड्डी छोड्छ बरु ।

७९०

भानुभक्त बन्न खोज्छन् सबै मोतीरामको खोजीमा,
सिन्का समेत नभाँची नाम चाहिन्छ मनमोजीमा ।

७९१

नेपाली राजनीति व्यापार भो नाफा मात्रै उठाए,
इमान्दार सेवक किन बन्ने ? पैसा बिटो जुटाए ।

७९२

अनन्त टुक्का यात्राले चुम्छ शीर सगरमाथाको,
सिक्दै, सिकाउँदै गरौं पहरेदार वीरगाथाको ।

७९३

सगुन लिन पाइन्छ दुलहादुलहीका जन्तमा,
के कसो भागमा पर्छ कुन्नी टुक्का यात्रा अनन्तमा ?

७९४

पहिलो भेटमा नजर जुध्यो दोस्रो भेटमा माया,
चर्चा चलाएँ घरमा मेरो बनाउने तिमी जाया ।

७९५

वसन्त पञ्चमी अथवा श्रीपञ्चमी समेत भन्छौं,
सरस्वती पूजाको दिनबाट वसन्त ऋतु गन्छौं ।

७९६

बालबच्चाको अक्षरारम्भ र ठुलाको नयाँ काम,
ज्योतिष विज्ञानले भन्छ शुभसाइत सही याम ।

७९७

विद्याकी देवी हुन् सरस्वती सेतो फूल मन पर्छ,
नाच्दै - नाच्दै वाहन मयूर मधुर सौन्दर्य भर्छ ।

७९८

धानको लावा, तिलको लड्डु, मुला, नौनी, दुध, दही
नरिवलको जल, बेल, अदुवा नैवेद्यमा सही ।

७९९

बयर, फूल, चन्दन, शङ्ख पनि सके चढाइन्छ,
रुचि हुँदा सङ्गीत, कला, साहित्यिक मित लाइन्छ ।

८००

विद्याले जीवन बनाउँछ सहज तथा सफल,
चेतनाले सङ्घर्षशील र मर्यादित हरपल ।

८०१

बोल्नेको आवाज दुरुस्त लेख्नेको मसी नसकियोस्,
सरस्वती माताको आशिष् हेर्ने नजर खुल्ला रहोस् ।

८०२

हिउँदको मुटु छेड्ने जाडो सबै ठिहिऱ्याइ छोडी,
वासन्ती सेरोफेरो सुन्छौँ कुहुकुहु कोइली जोडी ।

८०३

वैदिक सनातन हिन्दु संस्कारका आयामहरू,
शुभदिनमा व्यावहारिक सिक्नुपर्छ धेरै अरू ।

८०४

देश बचाउन ठालुहरू किन गर्छन् लिसीपिसी?
स्वार्थसरि आएको अनुदान गो ब्याक, नो एम् सि सि ।

८०५

भक्त बाहिर उफारेर सत्ताको सौदा गर्नेहरू,
देशका लागि हानिकारक, राष्ट्रघाती हुन्न अरू।

८०६

अनाहकमा सिउँदो पुछियो, कति भए टुहुरा,
लेखाजोखा तिमी देखाउन सक्छौ कति छन् बबुरा !

८०७

सन्तान काम लागेन भने चिन्ता बढ्छ त्यसै त्यसै,
नजन्मिने सन्तानले समाजमा कुरा काट्छन् जसै ।

८०८

निष्ठता कुरा गर्दै पहुँचवालाको हालीमुहाली,
राजनीतिमा माथि चढ्न लागिपर्छन् खुट्टा उचाली ।

८०९

भिजन सोधौँ अरूको चिह्नबाट जित्ने कतिलाई !
मान गरौँ गठबन्धनमा त्याग गर्ने जतिलाई ।

८१०

संसारमा दुइटा जात छन् मात्र पुरुष र नारी,
गलत विचार आजै फाली सफा राखौँ फूलबारी ।

८११
त्यो सपना फटाहाहरूको लागि दिवास्वप्न बन्छ,
अझै नचेते यमराजले यता पठाउनू, भन्छ ।
८१२
आमाबुवा त सम्पत्ति हुन् हाम्रा जिउँदा इतिहास,
संस्कार राम्रो नदिए सन्ततिले पार्लान् उठीबास ।
८१३
जननी हुन् हेला गरे जन्मौंजन्मसम्म लाग्ला पाप,
शिक्षा सिकौँ र सिकाऔँ नहोस् कसैलाई अभिशाप ।
८१४
पानी पऱ्यो सिमसिमे सुखद मौसम यसपालि,
स्वर्गको राजा इन्द्रले आज खुसी पारे बालीनाली ।
८१५
प्रत्येक समाजमा लुट्न खोज्छन् इज्जत या त श्रम,
आवश्यकता सबैतिर जनचेतना कार्यक्रम ।
८१६
गाउँ हाँस्यो सहर हाँस्यो हर्षोल्लास सारा नेपाल,
देखासिकीमा दसैँ मनाए बनिन्छ आफैँ कङ्गाल ।
८१७
बोतल नयाँ रक्सी पुरानोमा दिन्न अमूल्य भोट,
सकभर नयाँ दुइटै भए चाहिन्न केही नोट ।
८१८
कहिले सपनीमा त कहिले विपनीमा सताउँछौ,
जहाँ जहिले सताए पनि अघाउन्जेल मत्त्याउँछौ ।
८१९
सलाम, दिलोज्यान दिएर उपचारमा खट्नेहरू,
भुलवश हुँदा पनि डाक्टर कुटिइन्छ उल्टै बरु ।
८२०
विद्यालय पढाउने रे मालिकले हाम्रो छोरालाई,
सुर्केबारी चाँडो उक्सियोस् भनी पठाएको दाजुभाइ ।

८२१

सुन, जहाज र जग्गा अरू केके सक्ने निलेर जाऊ,
सबै खाँदा पनि अघाएनौ भने देशै बेचेर खाऊ ।

८२२

तिम्रो जितमा आउँदो साल मैले जिते अहिले लान्छु,
देउरालीको कसम खाएर जितेँ भने हात तान्छु ।

८२३

देश विकासको योजना बनाउने पवित्र ठाउँमा,
असारे विकास धमाधम छ के सहर के गाउँमा ?

८२४

पाँच बजे बेलुकादेखि सन्ध्याकालीन अभिवादन !
टुक्का आजकल मेरो लागि एक किसिमको मादन ।

८२५

उनी भानुभक्त बन्नुमा हात छ मोतीराम भट्टको,
पाण्डुलिपि सबै पुस्तकाकार बनाए हेर्दा चट्टको ।

८२६

नेपाली साहित्यको रामायण हो पहिलो महाकाव्य,
साहित्याकाश स्वतन्त्र छ हाल पठनमा होस् या श्राव्य ।

८२७

पण्डितसँग चिना हेराई मिले आउँला मगनीमा,
परिवारले न स्वीकारे भागौँ भेट भई ककनीमा ।

८२८

आदिकवि बन्नु पूर्व भानुको घाँसी उत्प्रेरक बने,
खड्ग ठाडा मगरलाई प्रेरणाको राम्रो स्रोत भने ।

८२९

नातावादलाई वर्जित गरी आधार मानौँ दक्षता,
उद्योग धन्दामा लगानी गरौँ सबै सीप र क्षमता ।

८३०

आमा सबै दिदीबहिनीहरू लाउँछन् हरियो चुरा,
यही संस्कारमा पार्वतीको चाहना भएको रे पूरा ।

८३१
मन हुनेलाई धन चाहिन्छ, धन हुनेलाई मान,
परिपूरक समाज भनिए पनि यो हो अल्पज्ञान ।
८३२
छ महिनासम्म बच्चालाई दुध छुटाउन हुँदैन,
पौष्टिक आहार भएकोले सामान्य रोगले छुँदैन ।
८३३
उद्योग खोल्नु प्रशस्त कारखानामा दिए प्रोत्साहन,
जनता आफैं सरकारको बनिदिन्थे लोकवाहन।
८३४
राम्रो बनाऔं हाम्रो समय प्राप्त हुन्छ सुन्दर फल,
लगातार लागिपरौं केही नराखी रहलपहल ।
८३५ (गाइजात्रा विषयक)
नेपालको राष्ट्रिय सांस्कृतिक सुन्दर एउटा पर्व,
नेवारी समुदायमा प्रचलित सिङ्गो देशको गर्व ।
८३६ (गाइजात्रा विषयक)
मध्ययुगीन राजा प्रताप मल्लले चलन चलाए,
पुत्र शोकमा परेकी आफ्नी रानीलाई खुसी बनाए ।
८३७ (गाइजात्रा विषयक)
वर्षदिनभित्रमा दिवङ्गत पितृहरूको सम्मान,
मुक्तिका लागि गाईजात्रा मनाउने लौकिक विधान ।
८३८
राजनीतिमा भूगोल हास्यकलाकारको निसाना,
प्रहार गर्छन् कविताबाट कोही चाहिँ गाउँदै गाना ।
८३९
विकृति र विसङ्गति व्यङ्ग्य गर्ने यो हो एउटा मौका,
सज्जन वर्ग कर्तव्य ठान्छन् बन्न दुःख ओसार्ने नौका ।
८४०
सुन्दर फूल फुलेपछि धरती सारा मगमगाउँछ,
राम्रो काम गरेमा जो बसे पनि हाम्रो गाउँ सुहाउँछ ।

८४१

संसारभरि सबै दर्जाका स्वास्थ्यकर्मीहरू तमाम,
सङ्क्रमणकालीन समयका नायकलाई सलाम !

८४२ (जाँतो विषयक)

ढुङ्गा कोत्रेर दाँत मिलाई दुई फँग्लेटो निकालेको,
बीच प्वालमा माने र हातो जड्नु एक छेउ भालेको ।

८४३

न सम्पत्ति कमाउने लोभ देखिन्छ न त कुम्ल्याउने,
सपना यिनको भात खाने र एकसरो लगाउने ।

८४४ (गाइजात्रा विषयक)

गजल विधामा श्रृङ्गारिक विषयले प्रवेश पायो,
त्यस उपरका सिर्जनामा प्रेमालाप रौनक छायो ।

८४५ (मोतिराम भट्ट विषयक)

साहित्यिक फूलबारीमा धेरै फुले अल्पायुमा गए,
इतिहासमा सधैँ रहने स्वर्णिम अक्षरका भए ।

८४६ (मोतिराम भट्ट विषयक)

कुशे औँशीका दिन जन्मेर स्वर्गवास त्यही तिथिमा,
धेरै कृति चढाएर योगदान दिए थोरै मितिमा ।

८४७ (मोतिराम भट्ट विषयक)

मोतीकृष्ण पुस्तकालय खोले पाशुपत छापाखाना,
राष्ट्रिय विभूति हुन् साहित्यमा ल्याए सुन्दर जमाना ।

८४८

दरसँगै हिजो पौष्टिक आहारको गर्छन् खानपान,
साथीसँगी मिलेर आज रमाउँदै गर्छन् नाचगान ।

८४९

विरोधको लागि विरोध हैन, साँच्चिकै विरोध गरौँ,
सन्ततिले शान्तिभूमि भन्ने होऊन् सुन्दर रङ्ग भरौँ ।

८५०

कानुन जरुर हुनुपर्छ अनि सही कार्यान्वयन,
स्थानीयबाट सुरु गरौँ हाम्रो नभई राम्रो चयन ।

८५१

जन्मेपछि मृत्यु निश्चित तर तिथिमिति अनिश्चित,
लोभ त्यागी एउटा काम भए पनि गरौँ राष्ट्रहित ।

८५२

टुक्का साहित्य समाजले सभ्य, भव्य कार्यक्रम गऱ्यो,
रक्तदानले कसैको जीवनमा सुन्दर रङ्ग भऱ्यो ।

८५३

अगुवा बन्नु समाजको असल हो एउटा नायक,
मनकारीका हातहरू आए, मिलाई आफ्नो पायक ।

८५४

कति बस्छ्यौ ? तिमी माइतमा अब रेलै चढी जाउँला,
बराबर बाँडौँ हामी दुई सँगै हिँड्दै गीत गाउँला ।

८५५

पचाएनौ भने पनि सुतेर, बसेर, उठेर खाऊ,
कोटा माग्ने न्यायालयले बचाउँछ न्याय माग्न जाऊ ।

८५६

भोक, प्यास केही हुँदैन साथीसङ्गीसँगै रम्न पाए,
फोहोर पानी फरक पर्दैन अघाउन्जेल खेलाए ।

८५७

एघार महिना सुतौँ हामी मज्जाले निन्द्रा पुग्नेगरी,
विकास गर्न असार छ नि फिँजाइदिउ आँखाभरि ।

८५८

हनुमानले लङ्का जलाएका हुन् रामको आदेशमा,
कलियुगका हनुमानहरू पार्टी फेर्छन् आवेशमा ।

८५९

कति सुन्दर हिउँ झरेर ? हाँगाभरि फल फलेको,
छक्क लाग्छ हेर्दा मात्रै चराहरूको जीवन चलेको ।

८६०

गरगहना बनाउन भनिसकेँ सुनपसलमा,
औँठी, सिक्री, नौगेडी भन है केही रहलपहलमा ।

८६१

अरू दोषी बनाउने पुरानै चलन राजनीतिमा,
आफ्नो सत्ता हुँदासम्म देखे पनि बोल्दैनन् बेथितिमा ।

८६२

आफूभन्दा परिवार प्यारो,परिवारभन्दा जनता,
देश रहे अस्तित्व रहन्छ नत्र तोडिन्छ राष्ट्रियता ।

८६३

अमेरिका र नेटोले रुसमाथि प्रतिबन्ध लगाए,
युक्रेनमाथि रुस झन् जाइलाग्ने भोक मात्र जगाए ।

८६४

पैसाले के आउदैन र, साथी ? सुनचाँदी, घर, गाडी,
सावधान ! शक्तिको किनबेच गर्छन् र बन्छन् खेलाडी ।

८६५

सक्नेले न्याय, पद, मान किन्छन् नसक्नेले अपमान,
अझ सक्नेले कौडीको भाउमा बेच्छन् नेपालको सान ।

८६६

झुल्किने र अस्ताउने त सूर्य मात्रै हो यो दुनियाँमा,
सूर्यजस्तै चाल चाल्यो खोल ओढेर समाजसेवामा ।

८६७

विदेशीका इसारामा अङ्गुलसँगै नाच्ने नेताहरू,
राजनीतिलाई फोहोर बनाउने उतै जाऊन् बरु ।

८६८

चोर साधु बनेको या त साधु नै हुन् यकिन गरेर,
हिजो जस्तो सहमत हुन्नौँ, भ्रममा संसार भुलेर ।

८६९

कम्तिमा गोरु बेचेको साइनो भए टिकट पाउँछौ,
ठुलाठालु नेतासित नाता छैन भने किन धाउँछौ ?

८७०

जहानियाँ शासन एकतन्त्री पहिले राजतन्त्रमा,
संविधानभन्दामाथि हुने राजा फाले गणतन्त्रमा ।

८७१

दिएर या लिएर स्थापित हुन्न मौलिक अधिकार,
तिमी,म र ऊ मिलेर बनाऔँ इतिहास यादगार ।

८७२

कति सुहायो ? उनलाई जनैले आहा ! ढाका टोपीमा,
'प्रणाम' उनको जति प्यारो मेरो 'सेवा' चाहि खोपीमा ?

८७३

सेवा र सेवक एउटै समयमा एकैजना हुन्न,
वर्तमान अरूलाई सुम्पी तिमी लाग्यो भविष्य गुन्न ।

८७४

समाजमा प्रायः स्वार्थ नियतका नै मान्छे हुन्छन् हेर,
भैँसीले दिउञ्जेल दुध खाने, नदिए मासु काटेर ।

८७५

एउटा भोटमा तिम्रो मेरो भइरहेको छ मगनी,
प्रयोग गरौँ अधिकार, हटाई विवेकको ढकनी ।

८७६

जनतालाई गफको सट्टामा खोजिरहेछन् विकास,
तिम्रो हातमा छ के, कसरी बन्ने ? फलाम या कपास ।

८७७

भावनाले हैन, परिवार इन्टरनेटले जोडिन्छ,
कोही कसै प्याच्च बोले सम्बन्ध पाचुकेतिर मोडिन्छ ।

८७८

साबुनपानीले हात धोएर चलाऔँ स्यानिटाइजर,
कायामा माया मिसाएर सुरक्षित बसौँ सफासुग्घर ।

८७९

सक्नेले खरायोको तालमा लेखौँ नसक्नेले कछुवाको,
एकतामा अर्थ बराबर अघि जाने होस् या पछुवाको ।

८८०

दिनदहाडै छुरा रोप्नेको हातमा हतकडी लाग्दैन,
बजारबिच प्रहरीचौकी सुरक्षा प्रहरीलाई छैन ।

८८१

ऋणमुक्त भएपछि सपना छ दुःखजिलो रमाउने,
बच्चाहरू फिर्ता ल्याउने परिवारमा बस्दै कमाउने ।

८८२

बालबालिका र वृद्धहरूका ज्यान जोगाउन मुस्किल,
राहत पाए पहाड जत्रो दुःख पनि बन्थ्यो होला तिल ।

८८३

भन्थे बुढापाकाहरू 'दशा बाजा बजाएर आउँदैन',
दीर्घकालीन सुरक्षित बाटोमा दिमागले भ्याउँदैन ।

८८४

जनता लक्ष्यित सरकारको छैन उद्योग, कारखाना,
व्यवस्थापन राम्रो भइदिए आधुनिक बन्थ्यो जमाना ।

८८५

देश विकासमा लाग्नुपर्ने आफ्नो विकासमा छन् तल्लीन,
जनता भने बन्दाबन्दी भोकमरीले मर्छन् प्रतिदिन ।

८८६

जनता घरमा थुनेर नेता सडकमा छन् आन्दोलित,
नकचरो प्रवृत्तिका सबै आफै घोलक आफैँ घोलित ।

८८७

मर्नु अघि राम्रो काम गर भन्नेको नामनिसान छैन,
कुवा खनेर शिक्षा दिनेको नाम लोप कतै हुने हैन !

८८८

पाखुरामा तागत भएकालाई तम्साए विदेश जान,
घरका खम्बा भएपछि हिँड्छन् पूरा गर्न लाउन खान ।

८८९

गरिब र अशिक्षितहरूलाई लुट्छन् हरेक बखत,
लुटेरा तह लाउन हुनैपर्छ शिक्षितको बहुमत ।

८९०

स्थानीय बाजा, सांस्कृतिक नाचसँगै नेवारी खानपान,
केटाकेटी भव्य रम्छन्, रमाउँछन् बुढाबुढी के जवान ?

८९१

बिष्णुको आठौँ अवतार बनी जन्मदिन गोकुलाष्टमी,
मथुरा र वृन्दावनमा मनाउँछन् केही नराखी कमी ।

८९२

मथुरा, वृन्दावनमा सुरिलो धुनमा बाँसुरी बजाए,
भगवान् कृष्णले सोह्र सय गोपिनी फनफनी नचाए ।

८९३

कच्चा पदार्थ पहिचान गरे नेपाल आफैँ छ सम्पन्न,
सही ठाउँमा लगानी भए समय लाग्दैन देश बन्न ।

८९४

समाज सेवा देश विकासको एक प्रमुख मेरुदण्ड,
माहुरीजस्तै पौरखी भए सधैँ खान पाइन्छ करण्ड ।

८९५

सानो या ठुलो होस् सफल हुँदा बन्छ धन्य मन पवित्र,
धामी, झाँक्री, डाक्टरभन्दा विश्वास हुन्छ कुलपितृभित्र ।

८९६

भाषा, धर्म, विविध जात आआफ्नो संस्कार सबैले मान्छन्,
जो जहाँ बसेर पनि सही खोज्दै पुर्खाको पथमा जान्छन् ।

८९७

दुःखद पल जप्ने पहिलो शब्द ती पुर्खाले चलाएका,
सुखद क्षण सन्ततिले चढाउँछन् जे विजय पाएका ।

८९८

हिन्दू धर्मावलम्बीका महान् चाड दसैँको पहिलो दिन,
गाउँघरमा लिङ्गेपिङ खेल्दै एकछिन छोड्ने जमिन ।

८९९

हाम्रो अनुमतिमा उनले बिरालोलाई सिंह बनाए,
हाम्रै ढाड सेक्नेगरी सिंहको मूल्य बिरालोले जनाए ।

९००

ढुङ्ग्री, बुलाकी नाकैमा व्यवस्थित छ सुन्दर मारवाडी,
कति  राम्रो सुहाउँछ ! जापानी घडीले हेर तिम्रो नाडी ।

९०१

एकतामा शक्ति हुन्छ या हुन्न सोध्नू, पाँच पाण्डवलाई,
काग बाठो भएर के खान्छ कुन्नि ? भन्छन्, सुधो हुँदा गाई ।

९०२

पुर्खाहरू देश जोगाउन लडे, भोक प्यास नभनेका,
आहा ! इतिहास हेर्दा गर्व लाग्छ स्वार्थ केही नगनेका ।

९०३

मानव जातमा एक रेखा थियो कसैले कोरिदिएको,
यो युगमा ती रेखाको काम छैन, दिएको होस् या लिएको ।

९०४

सात्तु, गिट्ठो, कन्दमूल मिठो मानी सँगै खाऊँला पेटभरि,
गिट्टी कुटौँ जोईपोइ सन्तान पढाऔँ शिक्षित हुने गरी ।

९०५

धर्ती टेकाउने धर्मावतीदेवी, पिता धनञ्जय आचार्य,
आदिकवि सृजनात्मक न्वारान बाँके मोतीरामको कार्य ।

९०६

त्यसरी भानुभक्त आचार्य भाषिक एकतामा अघि सरे,
जसरी पृथ्वीनारायण शाहले नेपालको निर्माण गरे ।

९०७

राजनीतिमा बेइमानीलाई निषेध गर्ने चलन आए,
सुन्दा मात्र मिठो लाग्ने कति राम्रो हुन्थ्यो सधैँ जून उदाए ।

९०८

अझै लोभमा फसेकाहरूले कति वर्ष पछाडि धकेल्छन !
आखिरीमा पुरानो नेता पुरानै नेतृत्व खेल्नुसम्म खेल्छन् ।

९०९

आदिकवि भानुभक्तको प्रेरक घाँसी खड्ग ठाडा मगर,
नेपाली भाषा साहित्यले संसार ढाक्यो गाउँ होस् या सहर ।

९१०

हिन्दु र वैष्णवहरूले मानेको पवित्र तुलसी रोपण,
धार्मिक सहिष्णुता राखेर जगतलाई गरौँ संरक्षण ।

९११
आयुर्वेदमा महा औषधीसाथै पवित्र मानिन्छ तुलसी,
चतुर्मास व्रत आरम्भ हुन्छ आज रैतीको होस् या राजसी ।
९१२
भन्दैन रगतले महिला पुरुष न त भन्छ जातभात,
सबैको हुन्छ रातो रगत लेनदेनमा गरौं पर्मपात ।
९१३
आरोह-अवरोहहरू बाटोमा आउँछन् जान्छन् सोच्नुपर्छ,
लगातार पाइला बढाए आफूतिर आफैं सफल सर्छ ।
९१४
भाद्र कृष्णपक्ष प्रतिपदादेखि अष्टमीसम्म मनाउँछन्,
सहर परिक्रमा गर्दैगर्दै हास्यरसमा नाच्छन्, गाउँछन् ।
९१५
'हरित'को अर्थ हरण हो साथी भनी अर्थ्याउँछन् 'आलिका',
भाद्र महिना शुक्लपक्ष तृतीयालाई भन्छन् हरितालिका ।
९१६
विडम्बना विभिन्न देशमा देखियो यसको जे छ प्रभाव,
ठालुहरू पेटिकोटमा गोजी सिलाई देखाउँछन् अभाव ।
९१७
पौराणिक कालमा भव्य महल बनाए हात-हतियार,
पुज्छौं शरद् ऋतुको सुरुमा बनोस् भनी सपना साकार ।
९१८
मानव जीवन सामान्य एक जीवनचक्र हो बुझ्दा हाम्रो,
सानालाई माया, ठुलालाई आदर गर्ने चलन छ राम्रो ।
९१९
सही समयका कर्तव्यहरू त्यही बखतमा पूरा गरौं,
भोलिवादी गलत संस्कार निरुत्साहित गर्न अघि सरौं ।
९२०
नेपाली राहदानी बोकेर छ महिना बढी विदेश बस्ने,
उद्गम विन्दु नेपाल तर विदेशी नागरिकतामा फस्ने ।

९२१

कसले बढी खानेमा एकार्का खुट्टा तान्दै अघि सरेपछि,
गजब छ देश न्याय दिने न्यायालय कोटामा परेपछि ।

९२२

हनुमान भइञ्जेल छोडिन्न कुकुरले बरु हड्डी छोड्ला,
पुस्तौं पुग्ने मैले जोड्दा केवल एउटा घर अरूले जोड्ला ।

९२३

चलेको साडी सिङ्गापुरे लगाउँछौ त थाइल्याण्डको चोलो ?
सबै धर्ती-आकाशसम्म नामसारी गरिदिन्छु सोलोडोलो ।

९२४

कसरी हर विद्यार्थीहरू सरस्वती पूजामा भिकाइन्छ ?
जसरी बहरहरू हलोजुवामा मेलो लाग्न सिकाइन्छ ।

९२५

बाटो छेकेर पैसा लिने चलनलाई जगा छेक्ने भनिन्छ,
नेवा महिनामा पावन महिनाको रूपमा पनि चिनिन्छ ।

९२६ (जेलेन्स्की - युक्रेनी राष्ट्रपति)

हारजित एक होला देश बचाउन जेलेन्स्कीबाट सिकौं,
सार्वभौम राष्ट्रको महत्त्व रसिया  शब्दकोशबाट भिकौं ।

९२७

रुसी सैनिक नौ लाख छन् र युक्रेनी जम्मा मात्र दुई लाख,
आँट, भरोसा, हिम्मत जुटाई लडिरहे फर्काउन साख ।

९२८

खेतको गराभरि हलोजुवा र कोदालीको सुन्दर भेट,
पौरखी हातहरू लगातार चले भरिन्छ सबको पेट ।

९२९

न जुर्नसक्छ माया नभेटेसम्म कोही न कोही लेखेको हुन्छ,
जवानी खेर अझै गएको छैन तर्सेर किन यो मन रुन्छ ?

९३०

मन्त्राणीको गालीसँगै तलबको साटो बिर्खे निस्तै भात खाए,
मन्त्रीज्यूले बाल शोषण विरुद्धमा भाषण गर्दा ताली पाए ।

९३१

बाढी जान्छ हरेक साल पहिरो खस्छ पीडित हुने जनता,
सरकारसँग स्थायी योजना बनाउने छ कि छैन क्षमता ।

९३२ (तुलसी एकादशी)

निर्जला एकादशीमा राखेको दल आज मठमा सार्ने दिन,
तुलसी रोप्न अघि पछि प्रार्थना गर्दै मन्त्र पढ्ने एकछिन ।

९३३

एक युगको नायक भई मोतीराम भट्ट युवाकवि बने,
जसले प्रमाण जुटाएर भानुभक्तलाई आदिकवि भने ।

९३४

युवाकवि मोतीराम भट्ट नेपाली भाषा साहित्यका साधक,
समीक्षा श्रीगणेश गरी लेख्थे गीत, गजल, कविता, नाटक ।

९३५

सामान्य हिसाब बुझ्न पाउनु सबैको नैसर्गिक अधिकार,
साक्षर बने जीवनस्तर उकास्छन्, बन्छन् समृद्ध परिवार ।

९३६

देवशिल्पमा धार्मिक संरचना निर्माण विधि सुझाइएको,
मानवशिल्पमा निजी घरको दिशा, कोणबारे बुझाइएको ।

९३७

महाअष्टमीमा महागौरी हुन् नवदुर्गाको आठौँ अवतार,
पुज्छन् नौ ठाउँ भेटी, नैवेद्य, धूप, सुपारी, फूल सबै प्रकार ।

९३८

ईलामे चिया पिई धरान, भेडेटार घुम्दै जाउँला पोखरा,
हिमश्रृङ्खलाको हिउँ, जङ्गलमा हरियाली दृष्य हराभरा ।

९३९

नेवा समुदाय शिवरात्रीकै दिन सिलाचःह्रे पूजा गर्दछ,
शिवरात्रीको तिथि, नेवाः पात्रो हेर्दा सिल्ला महिनामा पर्दछ ।

९४०

गलत नियत व्यक्तिको हार भएकोमा उत्सव एक होली,
सद्भावका रङ्गभित्र रङ्गहरू मिसाई खेलौँ हृदय खोली ।

९४१

चुनावभरि थाप्दै, थप्दै चिउरा-मासुको धेरैले खाए फावा,
त्यही फावा खानेले खुवाउनेलाई खुवाए नमज्जाले हावा ।

९४२

चर्चित उखान एउटा छ 'जुन जोगी आए पनि कानै चिरेका',
हुलमुलमा ब्वाँसाहरू सिंहसँगै छन् दरबारभित्र  छिरेका ।

९४३

एकापसमा लुछाचुँडी कुर्सी झगडा सम्झिँदा नि लाग्छ नराम्रो,
जनताका लागि बन्यो सरकार भन्ने दिन कहिले होला हाम्रो ?

९४४

रानीहार घाँटीमा, कानढुङ्ग्री कानमा र पाउजु होला खुट्टामा,
शिरबन्दी शिरमा लगाउली साडी-चोली छान है नयाँ बुट्टामा ।

९४५

एघार महिना सुतेर पनि महिना दिन त खट्छन् विकासमा,
एक महिने समयावधिमा पहिलो नजर आफ्नो निकासमा ।

९४६

विकसित देश घुमफिर पश्चात् त्यही नक्कल गरे धेरै राम्रो,
चुनाव अगाडि मिठो मसिनो जितिगए पछि व्यवहार चाम्रो ।

९४७

मङ्सीर पूर्णिमा उँधौली पर्व त वैशाख पूर्णिमामा उँभौली मान्छन्,
उँधौलीसँगै अन्नपात भर्छन् र उँभौलीपश्चात् छर्ने समय ठान्छन् ।

९४८

विद्यालय, समुदाय र संस्थाहरुले जनजागरण फैलाउने,
साक्षरताकालागि प्रोत्साहन दिँदै अक्षरसँगै अङ्क चिनाउने ।

९४९

सालीले जुत्ता लुकाएर कति जति पैसा माग्छे ? गरिसकेँ तयार,
जग्गे सक्दा नसक्दै छरिदिउँला लाखको बिटोमा हजार-हजार ।

९५०

कृषिप्रधान देशमा छैन समयमा मल, कुर्सीको हालीमुहाली,
अति व्यस्त किसानहरू लगाउन एक झमक मात्र पनि बाली ।

९५१

सारा नेपालीको शक्ति एकजुट मिलाएर फालियो एउटा राजा,
मौका छोपी गाउँसम्म पुगे थुप्रै राजाहरू बजाउँदै बाजागाजा ।

९५२

लालीगुराँस ढकमक्क फुल्यो हिमाली वनजङ्गल डाँडापाखामा,
परेवा उड्ने आकाशको धर्तीमा डाँफे चरी नाचिरह्यो यी आँखामा ।

९५३

बाउबाजेको पेशा हो भन्दै त्यही खेती त्यही तरिकाले हुन्न अब,
आधुनिक ज्ञान प्रयोग गरी बढीभन्दा बढी उब्जाउनु छ जब ।

९५४

लगातार मेहनतमा कमिलाले जितेको हामीसँग छ इतिहास,
विषयवस्तु उठान, बैठान, शब्दचयन प्रसङ्गमा रहन्छ खास ।

९५५

घाँसीको चाहना घाँस काटेरै पाटीपौवा बनाउने पछि कुवा खने,
घाँसीबाट प्रेरित भई जीवित हुँदा केही गरी भानु अमर बने ।

९५६

कार्तिक शुक्लपक्षको तिथि हरिबोधिनी एकादशी भनेर चिनिन्छ,
हरिको अर्थ भगवान् विष्णु, बोधिनी शब्दले निन्द्राबाट जागा बुझिन्छ ।

९५७

रात छिचोल्ने रतेउली खेल्न जन्त, नर्तक सात गाउँका आउँदैछन्,
दुलहीपट्टिहरू हारेछन् भने तानेर ल्याउँछौ भन्दै रमाउँदैछन् ।

९५८

त्रेता युगमा दौत्यराज हिरण्यकशिपुका आफ्नै पुत्र प्रह्लाद मार्न,
सुपारी दिएर पछि परेनन् साक्खै बहिनी होलिकालाई अघि सार्न ।

९५९

अग्निकुण्डमा भगवान् भक्त प्रह्लाद स्वयम् भदो लिएर हिँडिन् होलिका,
दाजुका शत्रुलाई मार्न या आफू मर्न जेसुकै होस् पक्का थिइन् बोलीका ।

९६०

चुनावताका घरघरमा ग्याँस लाइन दिन्छन् त कसैले ग्याँस चुला,
भ्रममा जनता कहिलेसम्म ? काम नगर्ने नेताका कुरा मात्र ठुला ।

९६१
देलान् आङ छोप्ने कसैले बाँड्लान् भरोसाको मुख मिठ्याउने घरघर,
महङ्गी सुनाऔँ, पहल गर्दैन भने त छिर्न निषेध गाउँ सहर ।
९६२
सार्थक प्रेमको वर्षौंपछि पण्डित राखी घर भित्रियौ शुभसाइतमा,
दुखजिलो शिक्षित भएँ, कमाएँ सम्पत्ति सारा खुसी मावली, माइतमा ।
९६३ (सिलाचःह्रे पूजा विषयक)
क्लब या गुठीका केटाकेटीहरू मिलेर बाटाबाटामा पैसा उठाउँछन् ।
त्यो रकमले साँझमा आगो बाल्ने,मकै भुटेर खाने चलन जोगाउँछन् ।
९६४
मठमन्दिर, देवीदेवता चाहिन्न ढुङ्गा पुज्न सुन्दर उनेर फूलमाला,
वयोवृद्धहरू सबै हाम्रा लागि जिउँदो इतिहास खोजे सिङ्गो पाठशाला ।
९६५
आदर, सत्कार, माया, ममता दिएर स्याहारसुसार गरौँ आफ्नो घरमा,
कोही आमाबुबाहरूका निमित्त छोराछोरीले भर नपरून् वृद्धाश्रममा ।
९६६
केरा, दारिम, धान, हलेदो, माने, कचुर, बेल, अशोक, जयन्तीले स्थापना,
फूलपातीमा दुर्गाको सातौँ अवतार कालरात्रिको गरिन्छ पूजा-अर्चना ।
९६७
'दुई सन्तान ईश्वरका वरदान' भन्छन् परिवार बनाउने योजनामा,
उता ज्वाइँको दायित्व निभाउँछु, यता तिमी असल बुहारीको भूमिकामा ।
९६८
महाशिवरात्री हिन्दू धर्मावलम्बीमाझ आध्यात्मिक छ सांस्कृतिक महत्त्व,
भगवान् शिव हुन् हावा, पानी, आगो, आकाश र धरतीमा रहेको पञ्चतत्त्व ।

# ख. छन्द

## १. वसन्ततिलका छन्द (सूत्र - २२१ २११ १२,१ १२१ २२)

९६९
माया नमार रहरे, कति बाँध्नु बाधा,
छाया उनेर अधुरो, जति ज्यान आधा ।
९७०
गाथा चुनेर सुखको, लहरो समाई,
पीडा भुलेर छहरा, दृश्यमा रमाई ।
९७१
वर्षा बनेर तनमा मनमा सतायौ,
तिम्रो सुवास रङले गजबै मतायौ ।
९७२
नाता  प्रमाणित गरेँ, मिति एक खोजी,
वाचा गरेर रहरे, तिथि शुद्ध रोजी ।
९७३
मेटेर जाउ धमिलो, सपना नआओस्,
आलो छ घाउ ननिको, लहना नभागोस् ।

## २. भुजङ्गप्रयात छन्द (सूत्र - ११२ ११२ ११२ ११२)

९७४
शुभेच्छा पठाऊ लगानी गरौँला,
कहानी कथाले मझेरी भरौँला ।
९७५
कतै नाम छाप्यो अचम्मै कुरामा,
जहाँ त्यो सधैँझैँ खुसीको सिमामा ।

१७६

खरानी धसेको पुरानो छ जोगी,
नयाँ पो म भन्ने सबै भुक्तभोगी ।

१७७

चिया खान लागेँ उ भेटी बिहानी,
उनी छिन् रुपासी बनाएँ निसानी ।

१७८

चिसो रात ठण्डी बढ्यो लौ सिरेटो,
रसैमा लिने हो कि हड्डी, सपेटो ।

१७९

उधारो लगानी र पैसा गफाडी,
कुबानी भएका हुँदैनन् अनाडी ।

१८०

छ मान्छे पुरानो खरानी घसेको,
जिताऔँ कसोरी फटाहा गरेको ।

१८१

उडेको चरीमा बनायो निसाना,
न गल्ती छ केही उराठे जमाना ।

१८२

सधैँ एक गाना, मिलाएर गाएँ,
सुगन्धै बिनाको, जुही मात्र पाएँ ।

## ३. शालिनी छन्द (सूत्र - २२२ २२१ २२१ २२)

१८३

भाले बास्यो खोरको झ्याल हेरी,
माली दौडे फूल टिप्दै सास फेरी ।

१८४

माया जाँच्ने त्यो तुलो हेर ढल्क्यो,
गाई पाल्ने आँट बोकी उ सल्क्यो ।

९८५

चाम्रो बानी त्यो सुधारेस् अभागी,
छक्कापञ्जा के ? गरोस् नीद दागी ।

९८६

बान्की खाना भोर बेला हिँडेको,
आफ्नो फोटो सार जस्तै कुँदेको ।

९८७

हल्लीखल्ली चाँदनीमा र डाहा,
स्वर्गै जाने मार्ग छान्यो नि आहा !

९८८

टाढा जानेले लँगौटी कसेछन्,
दोबाटो भेटी थचक्कै बसेछन् ।

### ४. रूपामाली छन्द (सूत्र - २२२ २,२२ २२२)

९८९

माया बाँड्यो कित्ता कित्तामा,
लोभी निस्क्यौ थोरै बित्तामा ।

९९०

माया गाँस्ने बेलाले छोप्यो,
चिठ्ठी लेख्दा रक्तैमा चोप्यो ।

९९१

नेता जस्तो सस्तो बोलीले,
भो के हेप्छौ लग्ला खोलीले ।

## ५, महालक्ष्मी छन्द (सूत्र - २१२, २१२ २१२)

९९२

साँझमा कोइली आउँछे,
चाँदनी रातमा गाउँछे ।

९९३

आसमा बस्नु राम्रो जहाँ,
दूरता नाप्न सस्तो कहाँ ?

९९४

शिवरात्रिमा भाङ, धतुरो,
अधुरो त चल्छ जुठोपुरो ।

## ६, तोटक छन्द (सूत्र - ११२ ११२ ११२  ११२)

९९५

छ वसन्त समीर फुरुङ्ङ भएँ,
अनुभूति भई म त स्वर्ग गएँ ।

९९६

जरुवा जलझैँ मनमा बहने,
घटना दरिए किन पो कहने ?

९९७

कति बस्नु र लौ अभियोज्य बनी,
क्षमता छ भने अघि सर्नु धनी ।

## ७. युगल बालौरी (संरचना -४+३,४+३ = १४)

९९८

पानीमा छ भ्यागुतो आकाशमा बेसारो,
बुद्धिमानी मानव गर्नु किन लगारो ?

९९९

उस्तै परे जगतै सकिन्न र उचाल्नु !
मिल्ने बाटो छानेमा रक्त किन उमाल्नु ?

१०००
वसन्तले समायो पालुवाझैँ बनायो,
मन लाग्दो आकार प्रकारमा सजायो ।
१००१
वनभरि हरियो ऋतुराज आएर,
पशुपक्षी रमाए स्वर्ग यतै पाएर ।

**८, बालौरी छन्द -(संरचना - ४+२/३=६/७)**

१००२
नयाँ नाना लाउने,
अनि पापा पाउने ।
१००३
हजुरबा बोलेर,
खुब साथी बनेर ।
१००४
साथी मिली खेल,
शत्रु जाति ठेल ।
१००५
भाई हेर बाहिर,
त्यही तिम्रो जागिर ।
१००६
भाले बास्यो हेर,
सुत एकफेर ।
१००७
कति ज्ञानी छोरी,
भन्दिनँ म मोरी ।
१००८
जताजतै चुनाव,
पूरा दिन्छ अभाव ।

**सूत्र - ४+२ =६**

१००९

म्याउँ-म्याउँ सुरी,
कपालमा  कुरी ।

१०१०

नुनु गर्छौं जब,
बुबु दिन्छु तब ।

१०११

नबजाऊ बाजा,
हाम्म मेरो राजा ।

१०१२

छुनुमुनु खेल,
गर्नुहुन्न झेल ।

१०१३

उठ, पढ ज्ञानी,
आँखाको हौ नानी ।

**९, सवाई छन्द (संरचना - ४+४,+४+२=१४)**

१०१४

बेला हो यो गैह्री खेत गोडमेल गर्ने,
राम्रो बिउ, स्याहारेमा धनसार भर्ने ।

१०१५

हे भगवान् ! सबै खेल हर करामत,
मनुष्य हुँ मेरो भाग्य तिम्रो कसरत ।

१०१६

तराईमा बाढी आयो पहाडमा जाडो,
किसानको अचानक घोप्टिएछ भाँडो ।

१०१७

दैव पनि निठुरी भो नाश गऱ्यो अति,
वर्षभरि दुःख गरे निमेषमा क्षति ।

१०१८
नयनमा नाचिराख्ने मयूरको चाल,
नेपालमा अनेक छन् मनोहर ताल ।

१०१९
वसन्तको पालुवामा उम्रिएका भ्kार,
यही लाग्छ दुःख-सुख जीवनका सार ।
१०२०
माथि सोच्नु तल पुग्नु दिमागको खेल,
आफ्नो जे छ त्यही ठिक सबैभन्दा मेल ।
१०२१
पिर व्यथा कस्को हुन्न ? दुनियाँमा हेर,
सानो ठुलो बेग्लै होला सम्झ एकफेर ।
१०२२
भोट गरौँ सही मान्छे प्रतिनिधि मानी,
फकाउदा मान्ने हामी अब त्यागौँ बानी ।
१०२३
राम्रो नेता हाम्रो बने, चुन्ने काम गरौँ,
तत्काल नै गाउँ-गाउँ विकासले भरौँ ।
१०२४
चारैतिर वनपाखा हरियाली कान्ति,
बुद्धभूमि नेपालको सम्पत्ति हो शान्ति ।
१०२५
मेचीदेखि कालीसम्म भूभाग छ हाम्रो
दक्षिणमा सुस्तासँगै हिमालय राम्रो ।
१०२६
भेषभूषा सबै धर्म सहिष्णुता जाती,
राष्ट्रियता सम्झे मात्रै ढक्क फुल्छ छाती ।

१०२७

अरनिको यतै जन्मे पतिव्रता सीता,
कर्मकाण्ड पुरापुर छोएपछि गीता ।

१०२८

ढाका टोपी राम्रो दौरा सुरुवाल प्यारो,
नारी जाति सारी चोलो पटुकी छ फारो ।

१०२९

के भएको हर घडी तिम्रै नाम जप्छे,
जातभात जस्तोसुकै खप्नु परे खप्छे ।

१०३०

अलि पर सोच राखी सोच्नुपर्छ भन्छन्,
हात काटे रक्त रातो जात किन गन्छन ?

१०३१

पढेपछि ज्ञानी हुने सबैको त्यो चाहा,
व्यवहार परिवर्तन भयो भने आहा !

१०३२

नचाहिँदो संस्कार त्यो कतिञ्जेल धान्ने ?
रूढिवादी परापम्परा किन हामी मान्ने ?

१०३३

आमाबुवा, साथीभाइ बुझाउनु पर्छ,
सही बाटो सरासर पदचाप सर्छ ।

१०३४

नेताहरू ग्याँस चुलो घर-घर बाँड्छन्,
मतदाता भेला पारी मनस्थिति भाँड्छन् ।

१०३५

हाम्रो हैन, राम्रो नेता छानी-छानी चुनौँ,
समृद्धिको ढोका खोल्ने हामी आफै गुनौँ ।

१०३६

हलो हिड्यो कुटो चल्यो उसै गरी अन्न,
जाँगरिया हात चले बालीनाली टन्न ।

१०३७
पाखोबारी बाँझो बन्यो युवा शक्ति खाडी,
मिहिनेत केही छैन चाहन्छ ऊ गाडी ।

**१०, मारुनी छन्द (संरचना - ४,+३+३=१०)**

१०३८
फूल टिपी दिउँला हातैमा,
जुनिभर बिताऔँ साथैमा ।
१०३९
अब जाऔँ बसमा गुडेर,
सकिन्न त चरीझैँ उडेर ।
१०४०
जुनेलीमा गफियौँ हाँसेर,
अघि बढौँ साइनो गाँसेर ।
१०४१
वाचा देऊ साक्षी छ समाज,
पहिऱ्याइदिउँला यो ताज ।
१०४२
रमाइलो तिहार आएर,
महान् पर्व दीपले छाएर ।
१०४३
साथीभाइ देउसी खेलेर,
सँगै नाचौँ संसार बिर्सेर ।
१०४४
झिलिमिली दीपको तिहार,
सहिष्णुता संस्कृति, संस्कार ।
१०४५
छमछमी सोरठी नाचौँला,
परम्परा धानेर बाँचौँला ।

१०४६

बुकी फुल्यो लेकैको वनमा,
म दुखीको पीडा छ मनमा ।

१०४७

नभेटेर हिँडेछु भौँतारी,
बह पोख्ने असली चौतारी ।

१०४८

आजभोलि साकुरा फुलेर,
को रम्दैन सुन्दर देखेर ?

१०४९

फूल हेऱ्यो वासना चलेछ,
रमाउँदै तस्विर लिएछ ।

१०५०

कविवर कोरेछन् कविता,
बाँकी अरू गर्ने हो रमिता ।

**११, झ्याउरे छन्दमा (संरचना ३+२+३+२,+३+ १३)**

१०५१

नेपालीमाझ साहित्य बाग धपक्क फुलेछ,
हृदयभरि जहिले लक्ष्मी प्रसाद बसेछ ।

१०५२

उज्यालो पर्व तिहार गाउँ-सहर, बजार,
सद्भाव चेली-माइती हुने पुर्खौली संस्कार ।

१०५३

भन्ज्याङमाथि चलेर हावा भएछ बेहाल,
उकालो बाटो गाह्रो भो हिँड्न सम्झेर त्यो पल ।

१०५४

संसार आज थपडी तिम्रो नाममा बजाई,
भरियो जगत् सुवास खोज्दै मनमा सजाई ।

१०५५
युक्रेन - रुसबिचमा युद्ध लौ न नि चर्कियो,
मानव जाति अशान्ति छायो के दिन फर्कियो ?
१०५६
कोरोना अझै गएको छैन सम्झूँला आफैँले,
नलाग्नु लागे पारौँला निको ओखती बाफैले ।
१०५७
लगन जुरे विवाह गर्न तयार छु आज,
मगनी गरूँ भगाई लगूँ मनाई समाज ।
१०५८
लेखक तिमी लेखेको राम्रो कलम नभाँचे,
मैदान खाली गराऔँ भन्छौ साहित्य नबाँचे ।
१०५९
प्रकृति सबै हलक्क फुल्यो वसन्त आएर,
मानवबस्ती खुसीमा नाचे सुगन्ध छाएर ।

**सूत्र : ४ +४, + ४ +४ =१६**

१०६०
हिजो राति सपनीमा हामीसँगै रमाएछौँ,
त्यही खुसी सुनाउदै चौतारीमा हराएछौँ ।
१०६१
ल्हासा किन ? जानु प्रिय सुन फल्छ खेतभरि,
पौरखले भाग्य बन्छ माया बढ्छ अजम्मरी ।
१०६२
चुनावमा यत्रतत्र मासु भात बाँड्दै थिए,
आफू खुसी भोट हाले ! पक्का उल्टै नोट लिए ।
१०६३
केही दाम खर्च गर्छन् लाखौँ उता झेल गर्‍यो,
त्यसैले त विकासको मुल फुट्न पछि सर्‍यो ।

## १२, सेलो छन्द (संरचना - २+२+३)

१०६४
महान् चाड तिहार,
नाचौँ सँगै पियार ।
१०६५
दुःख, पीडा भुलेर,
जगत् सारा डुलेर ।
१०६६
धनधान्यकी माता,
देवी पुज्ने यो साता ।
१०६७
आज पर्व उज्यालो,
वर्ष दिन छ कालो ।
१०६८
सयपत्री फुलेछ,
रङ्ग सबै खुलेछ ।
१०६९
बस्यो उठ्यो नाचेर,
माया प्रीति साँचेर ।
१०७०
बुकी फुल्यो लेकैमा,
हिउँ पर्ने छेकैमा ।
१०७१
भाग्य खोज्ने दौँतरी,
हिँडे वास्ता नगरी ।
१०७२
किन पर्छ यो भरी ?
भेट्न आई विचरी ।

१०७३

गाई, भैँसी गोठालो,

सधैँ म त रखालो ।

१०७४

राम्रो फूल बागमा,

सुख छैन भागमा ।

१०७५

वर्षभरि खेतमा,

अन्न छैन जेठमा ।

१०७६

चौँरी चर्ने नागीमा,

भैँसी चर्छ टारीमा ।

१०७७

छोरी आई माइत,

हेरी शुभसाइत ।

१०७८

ज्वाइँ हिँडे लाहुर,

किनिदिन माहुर ।

१०७९

सागसब्जी अचार,

के छ खाने विचार ?

१०८०

भात खाने भतुवा,

माछा छोप्ने मछुवा ।

१०८१

पानी खानु मूलको,

बास्ना मिठो फूलको ।

१०८२

सही मेरो छनौट,

तिम्रो रूप बनौट ।

१०८३
आधा रात गएछ,
बानी कस्तो परेछ ?
१०८४
मेलापात गरौँला,
बँसीसँगै झरौँला ।
१०८५
अघि पछि नहिँड,
चोखो प्रेम नगिँड ।
१०८६
किन तिम्रो तस्विर ?
लाग्छ मेरो अबिर ।
१०८७
वसन्तको उल्लास,
स्वर्ग जस्तै आभास ।
१०८८
कुहु-कुहु कोइली,
आहा, कति रसिली ?
१०८९
वन पाखा हरियो,
कान्तिले नै भरियो ।
१०९०
भए पनि पलाँस,
शोभा लाल गुराँस ।
१०९१
जगत् सारा तमास,
तृप्त छर्‍यो सुवास ।
१०९२
गीत बन्छ हेरेर,
फेद मात्र टेकेर ।

## १३, सङ्गिनी छन्द, (संरचना - ३+२,३+२=१०)

१०९३

टिपन हेर्दा लगन जुऱ्यो,
नसिब मान्ने विचार फुऱ्यो ।

१०९४

माइत बस्दै उमेर गयो,
साइत जुर्न अबेर भयो ।

१०९५

चुनाव आयो मागेछन् भोट,
आएर नेता दिएछन् नोट ।

१०९६

अबिर माला ढल्काई कोट,
हाँसेछ नेता दिएर चोट ।

१०९७

राम्ररी चिनौँ असल नेता,
फेरिन्छ भाग्य बनाए जेता ।

१०९८

घरमा आई ढोगेर माग्छन्,
तमाम काम अलग्गै भाग्छन् ।

१०९९

योजना के छ ? जितेर गए,
तात्तातो सोधौँ अध्यक्ष भए ।

११००

कुखुरे बैँस सबैको प्यारो,
बुद्धिले सोची गरौँला फारो ।

११०१

हावाको भर लाग्दैन काम,
गलत सही छुटाए नाम ।

११०२

माइतबाट माइती आए,
नथाक्ने म त नाचेर गाए ।

११०३

सालाम्मे तिज माइतीघर,
आमाको हात क्या मिठो दर !

११०४

सङ्गिनी मिली जाग्राम रात,
दौँतरी नाच समाई हात ।

## १४. भदौरे छन्द (संरचना - २+२,२+२=८)

११०५

काँस फुल्यो धान झुल्यो,
चाड आयो नभ खुल्यो ।

११०६

भान्साभित्र धुलो-पिठो,
खान जुर्छ राम्रो मिठो ।

११०७

भरी भयो धानसार,
वर्ष दिन यादगार ।

## ग. अन्य

११०८

अ़खान्नुमा बुङ्वा बाराकी हेन्खामा झाराक नान्नुसुङो,
अ़नुवाक् काची मुन्नालो साङाआछे आन्टेन् खान्नुसुङो ।

(नेपाली भाव)

सुन्दर फूल फुलेपछि धरती सारा मगमगाउँछ,
राम्रो काम गरेमा जो बसे पनि हाम्रो गाउँ सुहाउँछ ।

११०९

पत्ते मुआन्चिन् आप्पिङा आम्लेमा आप्पि फोलुम्की,
ढिरुम् ङोम् मोको अ़नुवाक् म़ना अनुलोक् चोउ़म्की ।

(नेपाली भाव)

विश्वास गर खोजेर आफ्नो क्षमता
नियालेर हेर्दा भेट्छौ त्यो मानवता ।

१११०

अ़ढिवाङ् चानुचा दसैँ खारा चायाङ्सा, भाङ्याङ्सा,
माङ्गोइ दाङ्गा नाक्आ म़ह़त् हान् साहु ए ठाङ्याङ्सा ।

(नेपाली भाव)

महान् चाड दसैँ गयो खाँदै,पकाउँदा,
भोलिदेखि ऋणले पिर्छ साहु आउँदा ।

११११

花見の日は雨が止んだら

嬉しい春は桜が咲いたら

(उच्चारण)


हानामीनो हि वा आमेगा यान्दारा
उरेसिइ हारु वा साकुरागा साइतारा ।)

(नेपाली भाव)

हानामीको बेलामा मौसम खुलेर,
खुसी छौँ वसन्तमा साकुरा फुलेर ।

**खोजी खोजी पढौँ,**

**बजारमा सर्वत्र उपलब्ध छ ।**



# परिचय



**नामः– म्यामराज राई**

**जन्मदिनः–** असार १२

**बुबा/आमाको नामः–** जोग बहादुर/आश बुङ् राई

ठेगानाः– हतुवागढी–६, होम्ताङ्, भोजपुर

(हालः–तामा–कु, सुगे ६–४–२४–२१०, कावासाकी, जापान)

संलग्नताः–

१. व्यवस्थापक – नमस्ते आधुनिक लघुकथा मञ्च

२. आजीवन सदस्य – किरात राई बान्तावा खिम

अनुभवः–

१. शिक्षण (२०६५–२०७१) – श्री शान्ति आधारभूत विद्यालय (तत्कालीन–नि.मा.वि.) भोजपुर

२. सम्पादन (२०६३ – ०६७) – खिम्दुङ् कोशेली साहित्यिक द्वैमासिक हवाई पत्रिका

३. सहसम्पादन – लघुकथाको सुगन्ध, नमस्ते आधुनिक लघुकथा मञ्च, स्मारिका (२०७९) अङ्क – ४

पुरस्कारः–

१. प्रथम – प्रथम बृहत् ऐतिहासिक टुक्का प्रतियोगिता – २०७८

२. द्वितीय – प्रदेश नं. १ स्तरीय लघुकथा प्रतियोगिता – २०७८

३. उत्कृष्ट तीन– साहित्यपोष्ट साप्ताहिक लघुकथा प्रतियोगिता पच्चिसौँ हप्ता – २०७८

४. तृतीय–विश्वव्यापी खुला लघुकथा प्रतियोगिता–सन् २०२१

फुटकर रचनाः–

१. सोम्तुक आन्चो (बान्तावा भाषा) बोलको गीत

प्रकाशित कृतिः–

१. हाम्रो बाटो लघुकथासङ्ग्रह – २०७९

२. महक टुक्का कवितासङ्ग्रह – २०८० (तपाईँको हातमा) ।

बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगसँगै टुक्का कविताका विशेषतालाई स्रष्टाले राम्रै गरी अवलम्बन गर्नुभएको रहेछ । पहिलो हरफमा विषयको उठान र विस्तार गरी दोस्रो हरफले समर्थन गर्दै उत्कर्षमा पुऱ्याउने कुरालाई स्रष्टाले ध्यान पुराउनु भएको मैले पाएँ । उपयुक्त शब्द छनौट र शब्द संयोजनले 'महक'मा सङ्गृहीत स्वच्छन्द र छन्दयुक्त टुक्का कविता सुन्दर बनेका छन् । नेपाली भाषाका अतिरिक्त बान्तावा र जापानी भाषाका कवितालाई समेत सम्मिश्रण गरी उहाँले मातृभाषा र कर्मभूमिको भाषाप्रति देखाउनु भएको स्नेह प्रशंसनीय छ।

**- भूपाल राई, कुलपति (नेपाल प्रज्ञा प्रतिष्ठान)**

---

महक टुक्का कवितासङ्ग्रह नाम जस्तै महक छर्न सफल भएको छ । सङ्ग्रह साहित्यको प्रयोगवादी काव्यिक उपविधा टुक्का कविताको महत्वपूर्ण ऐतिहासिक हिस्सा बन्न सफल भएको छ। टुक्का कविता लेखन अभियानमा सुरुवाती समयदेखि नै सक्रिय टुक्का अभियन्ता टुक्काकार म्यामराज राई प्रथम ऐतिहासिक बृहत् टुक्का प्रतियोगिता - २०७८ 'टुक्कासँग म' मा प्रथम स्थान हासिल गर्नु भएको थियो ।

**- ताराप्रसाद चापागाईं (टुक्का कविता प्रवर्तक)**

---

काव्य विधामा उपविधाको पगरी गुथ्न चाहने साहित्यिक भ्रुणहरु थुप्रै जन्मिए । जन्माइए । तर निरन्तर साधना या खोज र अनुसन्धानको अभावमा बिच बाटोमा नै अलमलिए । जन्मिन नपाई हराउने अवस्थामा पुगे । औँलामा गन्न सकिने जति मात्र एउटा रफ्तारमा छन् । तिनैमध्ये आफ्नो लय समातेर अस्तित्व बचाउन सफल उपविधा हो टुक्का कविता । एक शुभचिन्तकको नाताले पर कुना कुनासम्म टुक्का कविताको महक फैलाउन चाहन्छु । कृति मार्फत महकदार सौन्दर्य बाँड्ने रहर छ । महकिलो वातावरण बनाउनु छ ।

**- म्यामराज राई (कृतिकार)**

---

प्रकाशक
अञ्जना छिलिङ्ग राई

ISBN 9789937143738